वर्ष - १३ अङ्क-४ पूर्णाङ्क- ४५ वैशाख-असार २०८१

## समावेश भएका विषयवस्तुहरु


- आर्थिक वर्ष २०८०–८१ को चौथो त्रैमासिक अवधिको कार्यसम्पादन अवस्था
  - आयोगका बैठक र निर्णय
  - पाठ्यक्रम निर्माण तथा परिमार्जन
  - शैक्षिक योग्यता निर्धारण
  - पदपूर्तिका लागि माग र प्रतिशत निर्धारण
  - विज्ञापन प्रकाशन
  - दरखास्त संकलन
  - लिखित परीक्षा सञ्चालन
  - लिखित परीक्षा नतिजा तयारी
  - अन्तर्वार्ता तथा सिफारिस
  - सुरक्षा निकाय तथा संगठित संस्था
  - विभागीय सजाय र परामर्श
  - बढुवा उजुरी सम्बन्धी विवरण
  - परीक्षामा अनियमितता गर्ने उपर कारबाही
  - कर्मचारी व्यवस्थापन
  - बजेट खर्च
- अन्तर्वार्ता
- स्वत: प्रकाशन
- लोक सेवा आयोगको वार्षिक कार्यतालिका



सम्पादक मण्डल : गीता कुमारी होमेगाई — अध्यक्ष (सहसचिव)
एकनारायण शर्मा — सदस्य (उपसचिव)
सविता अधिकारी लामिछाने — सदस्य – सचिव (शाखा अधिकृत)

# त्रैमासिक गतिविधि सारांश

**आयोग बैठक**

- ❑ बैठक संख्या : २४
- ❑ निर्णय संख्या : ६१

**शैक्षिक योग्यता निर्धारण**

- ❑ योग्यता नयाँ निर्धारण भएका पदहरु: X
- ❑ योग्यता परिमार्जन भएका पदहरु : X

**पाठ्यक्रम**

- ❑ पाठ्यक्रम नयाँ निर्माण भएका पदहरु : ४७ (सु.नि. तथा स.सं.)
- ❑ पाठ्यक्रम परिमार्जन भएका पदहरु : १०

**माग संकलन र प्रतिशत निर्धारण**

- ❑ माग संकलन : ६
- ❑ प्रतिशत निर्धारण : ६

**पदपूर्तिका लागि विज्ञापन र माग**

- ❑ विज्ञापन संख्या : ३
- ❑ अधिकृतस्तर: ३ सहायकस्तर: ०
- ❑ माग पद संख्या : ६
- ❑ अधिकृतस्तर: ६ सहायकस्तर: ०

**दरखास्त संकलन**

- ❑ जेष्ठता र कार्यसम्पादन : ६
- ❑ कार्यक्षमता मूल्यांकन : ८
- ❑ आयोगको अनलाईन डेटावेसमा संकलन भएका दरखास्त संख्या :- १५१६९
- ❑ महिला:६४०६ पुरुष:८७६३

**लिखित परीक्षा**

- ❑ परीक्षा सञ्चालन भएको विज्ञापन संख्या : ५
- ❑ अप्राविधिक : ३ प्राविधिक :२
- ❑ उपस्थित उम्मेदवारको संख्या: ४८५
  महिला: ८८ पुरुष: ३९७

**लिखित परीक्षा नतिजा तयारी**

- ❑ नतिजा तयार गरिएको विज्ञापन संख्या : १०८
- ❑ उत्तरपुस्तिका परीक्षण : १५१५८९
  विषयगत : ८८६३० वस्तुगत : १५३२
  OMR : ६१४२७

**सुरक्षा निकाय तथा संगठित संस्था**

- ❑ पदपूर्तिको लागि सहमति प्रदान गरिएका निकाय: १२
- ❑ लिखित परीक्षामा सम्मिलित परीक्षार्थी :७६६८२
  महिला: ३१३३१ पुरुष: ४५३५१
- ❑ दक्ष विज्ञ मनोनयन संख्या : ५७९
- ❑ नतिजा तयार गरिएको विज्ञापन संख्या : १८९
- ❑ उत्तरपुस्तिका परीक्षण :३९०५८ विषयगत : २०००९
  वस्तुगत : ६७२० OMR : १२३२९
- ❑ लिखित परीक्षामा उत्तीर्ण : १३५३२
  महिला: ५६९६ पुरुष: ७८३६

**अन्तर्वार्ता तथा सिफारिस**

- ❑ सिफारिस : ७४८
- ❑ प्राविधिक तर्फ : १८७
  महिला : ४३ पुरुष : १४४
- ❑ अप्राविधिक तर्फ : ५६१
  महिला : १६० पुरुष: ४०१

**कर्मचारी व्यवस्थापन**

- ❑ सरुवा
  - ○ अन्यत्र निकायबाट आयोगमा : ६ जना
  - ○ आयोग अन्तर्गत : ७ जना
  - ○ आयोगबाट अन्य निकाय : २ जना
- ❑ अनिवार्य/स्वेच्छिक अवकाश : ४ जना
- ❑ पदोन्नति : १ जना
- ❑ पुरस्कार : ४ जना

**विभागीय सजाय र परामर्श**

- ❑ सामान्य सजाय सिफारिस : ०
- ❑ विशेष सजाय सिफारिस : ३
- ❑ परामर्श प्रदान : २ वटा निकाय

**अनियमितता उपर कारबाही**

- ❑ परीक्षामा अनियमितता गर्ने उपर गरिएको कारबाही : ८ जना
- ❑ महिला : २ पुरुष : ६ जना

**बजेट खर्च**

यस अवधिको खर्च: ४५,७५,१५,९०२.१८

# लोक सेवा आयोगको ७४ औं वार्षिकोत्सवको अवसरमा सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूको सम्बोधन

**लोक सेवा आयोगका अध्यक्ष, संवैधानिक निकायका प्रमुखहरु,**
**लोक सेवा आयोगका पदाधिकारीहरु, नेपाल सरकारका मुख्य सचिव तथा सचिवहरु,**
**विशिष्ट अतिथिहरु, सुरक्षा निकायका प्रमुखहरु, संचारकर्मी मित्रहरु,**
**भद्र महिला तथा सज्जनवृन्द।**

लोक सेवा आयोगको ७४ औं वार्षिकोत्सवको अवसरमा आयोगका सम्पूर्ण कर्मचारी/पदाधिकारीसहित सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

वार्षिकोत्सव विगतका कामहरुको समीक्षा र मूल्यांकन गर्दै सकारात्मक पाटोलाई आत्मसात गरी अघि बढ्नका लागि महत्वपूर्ण मार्गदर्शन प्राप्त गर्ने अवसर हो। आयोगले यो अवसरलाई आफ्ना विगतका कमीकमजोरीको स्वपपरीक्षण, स्वविश्लेषण र स्वमूल्यांकन गर्दै समयानुकूल परिष्कृत, परिमार्जन र सुधारका साथ अघि बढ्ने ज्यावलका रुपमा उपयोग गर्न सक्नु पर्दछ।

मुलुक सञ्चालन गर्ने सरकारी निकायमा स्थायी सरकारका रुपमा रहने योग्यतम कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको आयोगले ७३ वर्षयता आफ्नो मूल सिद्धान्त योग्यता, निष्पक्षता र स्वच्छतालाई प्रमुख आधार मानेर गर्दै आएको कार्यसम्पादनको उच्च प्रशंसा गर्दछु। आयोगले सदैव वर्तमान पुस्ता प्रति न्याय र भविष्यका पुस्ता प्रतिको आशाको केन्द्रका रुपमा संधै आफ्नो कर्तव्य, दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्दछ । तत्तत् जिम्मेवारीसहितको काममा आयोग सफल भएकोमा खुशी व्यक्त गर्दछु ।

कर्मचारी भर्ना र छनौट समग्र प्रशासन संयन्त्रको जग भएकोले गलत भर्ना नीति र प्रक्रियाले प्रशासनिक संगठनभित्र स्थायी खराबीहरु प्रवेश गर्न सक्ने भएकोले आयोग यसप्रति सदैव सचेत र सावधान हुन जरुरी छ। आयोग योग्यताका सबै तत्वहरु पूर्वानुमेयता हुने गरी आफ्नो परीक्षण विधिहरुमा समयसापेक्ष सुधार र परिष्कृत गर्दै अघि बढ्नु सकारात्मक छ। यसले योग्यताको धरातलमा अवलम्बन गरिने सुधारहरु उच्च नैतिकवान र उत्प्रेरित कर्मचारी छनौटमा टेवा पनि पुगेको छ। मुलुकमा सुशासन कायम गर्ने यो मुल मर्मसहितको आफ्नो मार्गमा किन्चित विचलित हुनु हुँदैन।

साथै, सुशासन समग्र सिद्धान्त, व्यवहार र आम नागरिकले अनुभूति गर्ने विषय समेत भएकोले यसलाई नारामा मात्रै सीमित राखिनु हुँदैन। आयोगले गर्ने भर्ना छनौटको उद्देश्य वर्तमान परिवेशले सिर्जित समस्या र चुनौतीहरुको सामना गर्न सक्ने, सबैखाले परिवर्तनलाई कुशल व्यवस्थापन गर्न सक्ने दक्ष, सक्षम र उत्कृष्ट जनशक्ति सरकारी सेवामा प्रवेश आजको आवश्यकता हो।

निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने र यो सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा तथा संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी तथा कर्मचारी व्यवस्थापनका विभिन्न विषयमा परामर्श लिनुपर्ने काम आयोगको हुने भन्ने पछिल्लो व्यवस्था महत्वपूर्ण छन्।

आयोगले विगतमा 'अप्टिकल मार्क रिडर (ओएमआर)' विधिबाट उत्तरपुस्तिका परीक्षण शुरुवात गरी 'एसेसमेन्ट सेन्टर मेथोडोलजी (एसीएम)' हुँदै 'इन बास्केट एक्सरसाईज' विधिसम्म आइपुगेको जानकारी पाएर खुशी लागेको छ। यी प्रामाणिक परीक्षण विधि र प्रविधिबाट सक्षम उम्मेदवारको सिफारिस हुनु सकारात्मक त छदैछ, नेपालको संविधान, ऐन र कानूनको परिधिभित्र रही स्वीकृत आचारसंहिताको पूर्ण परिपालन पनि हो।

आयोगले योग्यता (प्रिन्सिपल अफ मेरिट), निष्पक्षता (प्रिन्सिपल अफ इम्पार्सियालिटी), स्वच्छता (प्रिन्सिपल अफ फेयरनेश), समान अवसर (प्रिन्सिपल अफ इक्वैल अपरच्युनिटी), समावेशिता (प्रिन्सिपल अफ इन्क्लुसिभनेस), द्विअन्ध ( प्रिन्सिपल अफ डबल ब्लाइन्ड), परिचय शून्यता (प्रिन्सिपल अफ आइडेन्टिटि मास्किड), असंलग्नता (प्रिन्सिपल अफ ननइन्भल्वमेन्ट) तथा गोपनियता (प्रिन्सिपल अफ सेक्रेसी) को सिद्धान्तहरु अनुसार कार्यसम्पादन गर्नु प्रशंनीय छन्। यी सिद्धान्तहरुले आयोगका कामप्रतिको जनविश्वास पनि बढाएको छ। यसलाई कायम राख्न नितान्त जरुरी छ।

मुलुकमा संघीयता कार्यान्वयन पछि लोक सेवा आयोग ऐन-२०७९ जारी भए पश्चात आयोगबाट लोक सेवा आयोग नियमावली, आयोगको कार्य सञ्चालन निर्देशिका तर्जुमा गरी त्यसलाई कार्यान्वयन गर्दै ६ महिनायता आयोगले दोस्रो रणनीतिक योजना कार्यान्वयनमा ल्याउनु सराहनीय छ।

आयोगले संघीयता अनुरुप समावेशी समूहतर्फ उम्मेदवार छनौट प्रक्रियालाई समयसापेक्ष परिष्कृत गर्दै यी समूहबाट थप उम्मेदवार सफल हुन सक्ने गरी कार्यसम्पादन गर्न अति आवश्यक छ।

अन्त्यमा, आज सम्मानित हुनु भएका सम्पूर्ण व्यक्तित्वलाई हार्दिक बधाईसंगै उहाँहरुको सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

साथै, आयोगले समयको माग अनुसार आफूलाई प्रविधिमैत्री बनाउँदै आफ्नो दायित्व र जिम्मेवारीलाई थप विश्वसनीय बनाउने विश्वासका साथ आयोगको ७४औं वार्षिकोत्सव र आगामी समयमा सम्पादन हुने कामका लागि पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८१ असार १ गते शनिबार।

# लोक सेवा आयोगको ७४ औं वार्षिकोत्सवको अवसरमा माननीय अध्यक्ष माधव प्रसाद रेग्मीज्यूको मन्तव्य

सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू,
संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू,
लोक सेवा आयोगका पूर्व अध्यक्षज्यूहरू,
नेपाल सरकारका मुख्यसचिवज्यू,
प्रधानसेनापतिज्यू,
आयोगका माननीय सदस्यज्यूहरू,
आयोगका पूर्व सदस्यज्यूहरू,
संघीय संसदका महासचिवज्यू,
नेपाल सरकारका सचिवज्यूहरू,
सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरू,
आमन्त्रित विशिष्ट अतिथिज्यूहरू,
सञ्चारकर्मी मित्रहरू,
आयोग र मातहतका कार्यालयमा कार्यरत र सेवा निवृत्त सम्पूर्ण कर्मचारीहरू,
भद्र महिला तथा सज्जनवृन्द।

लोक सेवा आयोगको यस ७४ औं वार्षिकोत्सव समारोहमा हाम्रो विशेष अनुरोधलाई स्वीकार गरी आफ्नो व्यस्त कार्यतालिकाका बावजूद प्रमुख आतिथ्य ग्रहण गरिदिनुभएकोमा आयोगको तर्फबाट सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। सम्माननीयज्यूको समुपस्थितिले हाम्रो वार्षिकोत्सव समारोह गरिमामय बनेको छ र हाम्रो हौसला बढेको छ।

विक्रम संवत् २००८ साल असार १ गते गठन भएको नेपालको सबैभन्दा जेठो संवैधानिक अङ्ग लोक सेवा आयोगले योग्यता, निष्पक्षता र स्वच्छतालाई आफ्नो कार्यसम्पादनका आधारका रुपमा लिंदै समानता, स्वच्छ प्रतिस्पर्धा र समन्याय जस्ता लोकतान्त्रिक गुणहरुलाई मूल मन्त्रको रुपमा अंगीकार गर्दै आएको छ।

आयोगको निष्पक्षताको बलियो आधार निर्माण गरिदिएर यस संस्थालाई जनविश्वासको धरोहरको रुपमा स्थापित गराउन महत्वपूर्ण योगदान दिने आयोगका पूर्वपदाधिकारीहरुको उपस्थितिले हामीलाई कर्तव्यप्रति अझ प्रतिबद्ध हुन मद्दत गरेको छ।

कार्यक्रममा उपस्थित अन्य विशिष्ट व्यक्तित्वहरु लगायत आमन्त्रित अतिथि गणहरुको भव्य उपस्थिति आयोगको संवैधानिक भूमिका अझ प्रभावकारीरुपमा निर्वाह गर्न थप प्रेरणात्मक हुने ठानेको छु।

**सम्माननीयज्यू,**

लोक सेवा आयोगले आफ्नो ऐतिहासिक यात्राका क्रममा सात दशक पार गरिसकेको छ। स्थापनाको वर्ष विक्रम सम्वत् २००८ साल भाद्र १८ गते आयोगले पहिलो पटक छ पदको लागि विज्ञापन गरेर आफ्नो

कामको प्रारम्भ गरेको थियो। सार्वजनिक पदका लागि कर्मचारीको स्थायी नियुक्ति गर्न यस आयोगको परामर्श अनिवार्य लिनुपर्ने पद्धति स्थापित हुने वर्तमान अवस्थासम्म आउन आयोगले विभिन्न आरोह र अवरोहहरू पार गरेको छ।

सार्वजनिक निकायका कर्मचारी भर्ना र छनौटमा योग्यता प्रणाली स्थापित गर्न लोक सेवा आयोग अग्रणी संस्थाको रूपमा स्थापित भएको छ। आयोगको आजसम्मको उत्कृष्ट कार्यसम्पादनका लागि आयोगमा रही वा नरही योगदान गर्नुहुने सम्पूर्ण पदाधिकारी, कर्मचारी तथा विषय विज्ञ वा दक्ष प्रति हार्दिक सम्मान गर्दै आभार व्यक्त गर्दछु। यस गरिमामय संस्थाको विश्वसनीयताको जगलाई मजबुत राख्न हामी वर्तमान पदाधिकारीहरू कृत संकल्परत रहेका छौं।

नेपालको संविधानको भाग २३ धारा २४२ को उपधारा (१) अनुसार लोक सेवा आयोगमा अध्यक्ष र अन्य ४ जना सदस्यहरू रहने प्रावधान छ। त्यस्तै, धारा २४३ मा गरिएको व्यवस्थाले आयोगलाई कार्यसम्पादनको संवैधानिक आधार प्रदान गरेको छ।

निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने र निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी लोक सेवा आयोगको हुने संवैधानिक व्यवस्था रहेको छ।

यसैगरी संघीय निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाका कर्मचारी व्यवस्थापनका विभिन्न विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ।

संवैधानिक एवं कानूनी व्यवस्था अनुरूप निजामती सेवा ऐन, २०४९ र स्वास्थ्य सेवा ऐन २०५३ बमोजिम राजपत्रांकित विशिष्ट श्रेणी (सचिव) पदको बढुवा समिति, शिक्षक सेवा आयोग पदाधिकारी सिफारिस समिति, राष्ट्रिय परीक्षा बोर्ड अध्यक्ष सिफारिस समिति र स्वास्थ्य बिमा बोर्डको कार्यकारी निर्देशक नियुक्तिका लागि सिफारिस गर्न गठित समितिको अध्यक्ष एवं चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष नियुक्तिका लागि सिफारिश गर्न गठित समितिको संयोजक र न्याय सेवा आयोगको सदस्यमा आयोगका अध्यक्षबाट प्रतिनिधित्व गरी कार्य सम्पादन भइ रहेको छ। निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम गठित अन्य अधिकृतस्तरका बढुवा समितिमा आयोगका सदस्यहरूबाट प्रतिनिधित्व भइरहेको छ। यसैगरी विभिन्न प्रतिष्ठान सेवा आयोग तथा विश्व विद्यालय सेवा आयोग लगायत विभिन्न विषयगत ऐन, नियमहरूद्वारा गठित पदपूर्ति र छनौट समिति तथा सैनिक ऐन, २०६३, प्रहरी नियमावली, २०७१, सशस्त्र प्रहरी बल, नेपाल ऐन, २०५८ बमोजिम गठित पदपूर्ति/छनौट समिति र राष्ट्रिय अनुसन्धान विभाग छनौट समितिमा पनि आयोगका सदस्यहरूबाट प्रतिनिधित्व भइरहेको छ।

वि.सं. २०७२ मा नेपालको संविधान जारी भएको लामो समयसम्म पनि तर्जुमा हुन नसकेको लोक सेवा आयोग ऐन, २०७९ मिति २०७९ असार ३१ गते जारी भएको २ महिना भित्रै लोक सेवा आयोग नियमावली,

२०७९ तथा लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यसबाट संविधान बमोजिम आयोगका काम कारवाहीलाई अनुकूलन गर्न सकिएको छ।

निजामती सेवा, सुरक्षा निकाय तथा सङ्गठित संस्था सहित अन्य सार्वजनिक सेवामा कर्मचारी भर्ना र छनौटको कार्यलाई थप वस्तुनिष्ठ, समसामयिक र विश्वसनीय बनाउन तथा आयोगको संस्थागत क्षमता सुदृढीकरण गर्न आयोगको दोस्रो रणनीतिक योजना (२०७९/८०—२०८३/८४) तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ। उक्त योजनाका आधारमा वार्षिक कार्यक्रमहरू तय गरी व्यवस्थित रूपमा लक्ष्यहरू प्राप्त गर्ने वातावरण बनाईएको छ।

आयोगले वि.सं. २०६९ सालदेखि अप्टिकल मार्क रिडर (Optical Mark Reader-OMR) विधिबाट स्वचालित रूपमा वस्तुगत उत्तरपुस्तिका परीक्षणको सुरूआत, वि.सं. २०७१ सालबाट विद्युतीय विधिबाट दरखास्त सङ्कलन गर्न सुरूआत, वि.सं. २०७२ सालबाट अलग-अलग विज्ञबाट उत्तरपुस्तिकाकको दोहोरो परीक्षण सुरूआत, वि.सं. २०७३ सालदेखि सहसचिव पदका लागि मामिला विश्लेषण प्रस्तुतीकरण सहित Assessment Center Methodoloy (ACM) परीक्षण विधिको सुरूआत, वि.सं. २०७५ सालदेखि उपसचिव पदका लागि In Basket Exercise को सुरूआत गर्दै परीक्षण विधि र प्रविधिमा आयोगले निरन्तर सुधार गर्दै आएको छ। विभिन्न अध्ययन, अनुसन्धान र अनुभवका आधारमा परीक्षण प्रविधि र पाठ्यक्रममा समयसापेक्ष सुधारको क्रम निरन्तर जारी रहेको छ।

उत्तरपुस्तिका परीक्षण प्रणालीलाई थप विश्वसनीय बनाउन सहसचिव/उपसचिव वा सो सरहका पदहरूका उत्तरपुस्तिकाको दुईजना विज्ञबाट अलग-अलग रूपमा दोहोरो परीक्षण गर्ने, शाखा अधिकृत वा सो सरह र सोभन्दा माथिका पदको उत्तरपुस्तिका तथा सङ्गठित संस्थातर्फका नवौं तह र सोभन्दा माथिका पदका परीक्षाका उत्तरपुस्तिका आयोगमा नै विज्ञद्वारा परीक्षण गराउने पद्धतिको विकास गरिएको छ।

**सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू,**

पाठ्यक्रम र परीक्षण पद्धतिमा सुधारका लागि आयोगका माननीय सदस्यको अध्यक्षतामा परीक्षण प्रविधि सुधार सुझाव समिति गठन गरी अध्ययनको कार्य भैरहेको छ। समितिबाट प्राप्त सुझावका आधारमा पाठ्यक्रम र परीक्षण प्रणालीलाई समयसापेक्ष बनाइनेछ। सिफारिस भएको उम्मेदवारले कार्यक्षेत्रमा सकारात्मक नतिजा प्राप्त गर्नका लागि आवश्यक पर्ने क्षमता, सीप, व्यवहार, नैतिकता र सामूहिक व्यवहारको समग्र परीक्षण गर्ने गरी छनोट परीक्षा प्रणालीमा सुधार गर्नेतर्फ आयोग अगाडि बढेको छ।

आयोगबाट सुरक्षा निकाय तथा अन्य सरकारी सेवा र सङ्गठित संस्थाका पदपूर्तिका लागि लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धी मापदण्ड, २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याए पश्चात आयोगबाट परीक्षा सञ्चालन गरिने पाठ्यक्रमलाई समयसापेक्ष र थप व्यवहारिक बनाउन यो वर्षलाई पाठ्यक्रम निर्माण तथा परिमार्जन वर्षका रुपमा अभियानका साथ लिईएको छ। यस आर्थिक वर्षमा निजामतीतर्फका विभिन्न सेवा, समूह, उपसमूह, श्रेणी, तह र पदका जम्मा २ सय १३ ओटा पाठ्यक्रम परिमार्जन र राष्ट्रिय मानव अधिकार सेवाको एक पाठ्यक्रम नयाँ निर्माण गरिएका छन्। स्वास्थ्य सेवा र अन्य सेवाका तीनओटा नयाँ पाठ्यक्रम निर्माणको चरणमा रहेका छन्। सुरक्षा निकाय र सङ्गठित संस्थातर्फ विभिन्न सेवा, समूह, उपसमूह, श्रेणी, तह र पदका लागि तीनओटा सुरक्षा निकायका १० ओटा तथा सङ्गठित संस्था १० तर्फ २ सय ५९ गरी जम्मा २ सय ६९ ओटा पाठ्यक्रम नयाँ निर्माण गरिएको छ।

सङ्गठित संस्थाहरूको पदपूर्ति सम्बन्धी कार्यलाई थप गुणस्तरीय, छरितो र मितव्ययी बनाउनका लागि संस्थाको कार्यप्रकृति समेतका आधारमा एकीकृत परीक्षा प्रणाली अवलम्बन गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गर्न र के कस्ता संगठित संस्थाहरूमा आयोगको कुन हदसम्मको संलग्नता हुनुपर्ने हो भन्ने समेतका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न आयोगका माननीय सदस्यको संयोजकत्वमा विज्ञ सहितको समिति गठन भै यसले प्रतिवेदन समेत पेश गरी सकेको छ। प्रतिवेदनमा उल्लेखित सुझावको आधारमा परीक्षा पद्धतिमा सुधार गर्ने सोच रहेको छ।

विश्वविद्यालय सेवा आयोगको सदस्यका रूपमा आयोगको भूमिका व्यवस्थित गर्न विश्वविद्यालयको स्वायत्ततालाई सम्मान गर्दै विश्विवद्यालयको अनुरोधमा परीक्षा प्रणालीमा आयोगको भूमिकालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिएको छ। यसवाट विश्वविद्यालयको जनशक्ति छनौटमा प्रतिस्पर्धा र योग्यता प्रणाली प्रवर्द्धन हुने तथा उच्च शिक्षामा थप गुणस्तर कायम भै जनविश्वास अभिवृद्धि हुने विश्वास लिईएको छ।

**सम्माननीयज्यू,**

नेपालको संविधानले प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरे अनुसार प्रदेश कानून बमोजिम उक्त आयोगहरू क्रियाशिल रहेका छन्। प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ संघीय संसदबाट जारी भैसकेको छ भने सोही संघीय कानूनद्वारा निर्धारित सिद्धान्त र मापदण्ड बमोजिम सवै प्रदेश लोक सेवा आयोगहरूका कामकारवाही सुनिश्चित हुन आवश्यक छ। यसै सन्दर्भमा लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा हरेक वर्ष राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरी कार्यान्वयनमा लगिएको छ। यस वर्ष कर्णाली प्रदेशको सुर्खेतमा समेत गरी हालसम्म यस्ता ४ वटा राष्ट्रिय सम्मेलनहरू सम्पन्न गरिएको छ। यस्ता सम्मेलनहरुमार्फत लोक सेवा आयोगका स्थापित मूल्य, मान्यता, पद्दति र कार्यसम्पादनका सिद्धान्तहरू प्रदेश लोक सेवा आयोगहरूमा अबलम्बन गर्न गराउनेतर्फ सकारात्मक भूमिका निर्वाह गरिएको छ।

निजामती सेवाका मूल्यमान्यता र सिद्धान्तको उद्बोध गर्ने संघीय निजामती सेवा ऐन जारी हुन नसक्दा संघ, प्रेदश र स्थानीय तहका कर्मचारी व्यवस्थापनमा कठिनाई परेकाले शीघ्र जारी गर्न नेपाल सरकार लगायत सम्बद्ध निकायमा ध्यानाकर्षण गराउँदछु। संघीय निजामती सेवा तथा अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाको सेवामा सुधार गर्नुपर्ने लगायत आयोगले आवश्यक देखेका अन्य विषयमा प्रत्येक वर्ष आयोगले वार्षिक प्रतिवेदनमार्फत नेपाल सरकारलाई दिएको सुझाव कार्यान्वयन गर्न म विशेष अनुरोध गर्दछु।

**सम्माननीयज्यू,**

यस वर्षको वार्षिकोत्सवको उपलक्ष्यमा रक्तदान कार्यक्रमका साथै अन्तरसंवैधानिक निकाय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरिएको छ। गत वर्ष भन्दा थप रुपमा यस वर्ष आयोगका कर्मचारीहरुबिच ब्याडमिन्टन प्रतियोगिता पनि सञ्चालन गरिएको थियो। यस्ता कार्यक्रमहरूबाट कर्मचारीका बीचमा आपसी परिचय, भातृत्व र सहकार्यको भावना वृद्धि भै लक्ष्य प्राप्तिमा समन्वयात्मक सहयोग हुनुको साथै आयोगको मूल उद्देश्य योग्यता, निष्पक्षता र स्वच्छताको प्रवर्द्धनमा समेत योगदान पुग्ने विश्वास लिइएको छ। हाजिरीजवाफ प्रतियोगितामा विजयी टोली र सहभागी टोली, ब्याडमिन्टन प्रतियोगितामा विजयी र सहभागी टोलीका साथै

आयोगबाट यस वर्ष पुरस्कृत कर्मचारीलाई हार्दिक बधाई र रक्तदान गर्नुहुने कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा पनि यसरी आयोजना गरिने अतिरिक्त क्रियाकलापमा सहभागिताको अपेक्षा सहित थप सफलताको शुभकामना व्यक्त गर्दछु। साथै हाजिरीजवाफ प्रतियोगिता सञ्चालनमा सहयोग गर्नुहुने पूर्व सचिव श्री शंकर पाठकलाई धन्यवाद व्यक्त गर्दछु।आयोगको वार्षिकोत्सव कार्यक्रममा आयोगको अनुरोध अनुसार परिसम्वाद तथा अन्तरसम्वाद कार्यक्रममा सहभागी हुनुहुने महानुभावहरुप्रति आभार प्रकट गर्दछु।

हाम्रा अग्रज पदाधिकारीलाई सम्मानित गर्ने क्रममा यस वर्ष हामीले आयोगका पूर्व सदस्य प्रा.डा. भीमदेव भट्टज्यूलाई सम्मान गर्ने निर्णय गरेका छौं। उहाँको आगामी जीवन सक्रिय, स्वस्थ र सफलताका साथ वितोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

विगतका सफलताप्रति गौरवबोध गर्दै, कमजोरीबाट सिक्ने एवम् वर्तमान र भविष्यका आवश्यकताहरूको पहिचान गर्दै आगामी कार्ययोजना निर्माण गर्न सकिएमा मात्र वार्षिकोत्सवले सार्थकता पाउने हुँदा आयोगको वर्तमान पद्दतिलाइ मजवुत बनाउन निरन्तर क्रियाशिल रही आगामी दिनमा सुधारका कार्य थप अगाडि बढाउँदै लैजाने प्रतिवद्धता जाहेर गर्दछौं।

लोक सेवा आयोगको कार्यसम्पादनलाई सहज वनाउन सहयोग गर्ने नेपाल सरकारका निकायहरु, सुरक्षा निकायहरु, विद्यालय/ विश्वविद्यालयहरु, सार्वजनिक संस्थाहरु प्रति आयोग हार्दिक आभार प्रकट गर्दछु। आयोगको काममा आफ्नो विज्ञताद्वारा अतुलनीय योगदान दिने 'लोक सेवा आयोगका मित्र÷ सम्पूर्ण विषय विज्ञ वा दक्षहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, यो कार्यक्रम सफल बनाउन विभिन्न समितिको संयोजक भै निरन्तर खट्ने आयोगका माननीय सदस्यज्यूहरु, सचिव लगायत सम्पूर्ण कर्मचारीहरूलाई पनि म धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा, सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूको गरिमामय उपस्थिति प्रति पुनः हार्दिक कृतज्ञता प्रकट गर्दछु। साथै अन्य सम्पूर्ण विशिष्ट व्यक्तित्वप्रति उपस्थितिको लागि पुनः एकपटक हार्दिक आभार व्यक्त गर्दछु।

**धन्यवाद !**

**२०८१ असार १ गते**

# लोक सेवा आयोगको ७४ औं वार्षिकोत्सवको अवसरमा लिइएका तस्वीरहरु




शुभकामना मन्तव्य राख्नुहुँदै सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू




मन्तव्य राख्नुहुँदै लोक सेवा आयोगका माननीय अध्यक्षज्यू

## लोक सेवा आयोगको ७४ औं वार्षिकोत्सवको अवसरमा लिइएका तस्वीरहरु




मायाको चिनो ग्रहण गर्नुहुँदै सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू




सम्माननीय कार्यवाहक राष्टपतिज्यूसंग आयोग पदाधिकारीहरु सहित पुरस्कृत कर्मचारीहरुको सामूहिक तस्वीर

# आर्थिक वर्ष २०८०-०८१ को चौथो त्रैमासिक अवधिको कार्यसम्पादन अवस्था

## १. आयोगका बैठक र निर्णय

आर्थिक वर्ष २०८०/०८१ को चौथो त्रैमासिक अवधिमा २४ पटक बैठक बसी आयोगले देहाय अनुसार कुल ६१ वटा निर्णयहरु गरेको छ ।

| निर्णयको विषय | निर्णय सख्या |
|---|---|
| विभागीय सजायको परामर्श | ३ |
| बढुवा उजुरी सम्बन्धी | ९ |
| लिखित परीक्षा, नतिजा र अन्तर्वार्ता | ५ |
| सुरक्षा निकाय तथा संगठित संस्थातर्फ (सहमति प्रदान सम्बन्धी) | १० |
| अनियमितता उपर कारबाही | ६ |
| नीतिनियम सम्बन्धी (परामर्श प्रदान) | ३ |
| पाठ्यक्रम तथा मूल्याङ्कन | ५ |
| परीक्षण प्रविधि | २ |
| सुरक्षा निकाय तथा संगठित संस्था तर्फ | १ |
| विविध (प्रशासन शाखा समेत) | १७ |
| **जम्मा** | ६१ |

## २. पाठ्यक्रम तथा मूल्यांकन शाखा

**परीक्षा योजनामा संशोधन भएका पाठ्यक्रमहरुको विवरण**

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | निर्णय मिति | लागू हुने मिति |
|---|---|---|---|---|---|---|---|
| १. | शाखा अधिकृत वा सो सरह | रा.प.तृतीय | प्रशासन, परराष्ट्, लेखापरीक्षण र संसद (एकीकृत **तथा** संयुक्त) | - | - | २०८१/०३/२० | २०८१/०३/२० |
| २. | नायव सुब्बा वा सो सरह | रा.प. अनं. प्रथम | न्याय, प्रशासन, परराष्ट्, लेखापरीक्षण र संसद (एकीकृत तथा संयुक्त) | - | - | २०८१/०३/२० | २०८१/०३/२० |
| ३. | खरिदार वा सो सरह | रा.प. अनं. द्वितीय | न्याय, प्रशासन, लेखापरीक्षण र संसद (एकीकृत तथा संयुक्त) | - | - | २०८१/०३/२० | २०८१/०३/२० |

**यस अवधिमा निजामतीतर्फको ७ वटा विभिन्न पद, सेवा, समूहका पाठ्यक्रमहरु परिमार्जन भएका छन् ।**

| क्र.सं. | निकाय/संस्थाको नाम | पद, श्रेणी/तह | सेवा, समूह/उपसमूह | निर्णय मिति | लागु हुने मिति |
|---|---|---|---|---|---|
| १. | निजामती | सि.डि.इ. वा सो सरह, रा.प. द्वितीय | इन्जिनियरिङ्ग, सिभिल, जनरल | २०८१/०३/३० | २०८१/०३/३० |
| २. | निजामती | सि.डि.इ. वा सो सरह, रा.प. द्वितीय | इन्जिनियरिङ्ग, सिभिल, हाइवे | २०८१/०३/३० | २०८१/०३/३० |
| ३. | निजामती | सि.डि.इ. वा सो सरह, रा.प. द्वितीय | इन्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | २०८१/०३/३० | २०८१/०३/३० |
| ४. | निजामती | सि.डि.इ. वा सो सरह, रा.प. द्वितीय | इन्जिनियरिङ्ग, सिभिल, इरिगेशन | २०८१/०३/३० | २०८१/०३/३० |
| ५. | निजामती | सि.डि.इ. वा सो सरह, रा.प. द्वितीय | इन्जिनियरिङ्ग, सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट | २०८१/०३/३० | २०८१/०३/३० |
| ६. | निजामती | सि.डि.इ. वा सो सरह, रा.प. द्वितीय | इन्जिनियरिङ्ग, सिभिल, हाइड्रोपावर | २०८१/०३/३० | २०८१/०३/३० |
| ७. | निजामती | सि.डि.इ. वा सो सरह, रा.प. द्वितीय | इन्जिनियरिङ्ग, सिभिल, हाइड्रोलोजी | २०८१/०३/३० | २०८१/०३/३० |

## आयोगबाट स्वीकृति प्रदान गरिएका पाठ्यक्रमहरुको विवरण

**यस अवधिमा सुरक्षा निकाय तथा संगठित संस्थातर्फका विभिन्न सेवा/समूहका ४७ वटा पाठ्यक्रमहरुका लागि स्वीकृति प्रदान गरिएको छ ।**

| क.सं. | निकाय/संस्थाको नाम | पद, श्रेणी/तह | सेवा, समूह/उपसमूह | कूल पाठ्यक्रम संख्या | लागु हुने मिति |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय अनुसन्धान विभाग | विभिन्न | विशेष सेवा | ५ | २०८१/०२/०७ |
| २ | नेपाल टेलिकम | विभिन्न | प्राविधिक/निर्माण तथा मर्मत | ३ | २०८१/०२/२८ |
| ३ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | विभिन्न | प्राज्ञिक, प्राविधिक र प्रशासन | ३५ | २०८१/०२/३१ |
| ४ | सशस्त्र प्रहरी बल, नेपाल | विभिन्न | सशस्त्र प्रहरी/प्राविधिक/स्वास्थ्य र संचार तथा इन्जिनियरिङ्ग | ४ | २०८१/०३/१७ |

## आयोगबाट निर्माणका क्रममा रहेका पाठ्यक्रमहरुको विवरण

| क.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह |
|---|---|---|---|---|---|
| १. | कन्सल्टेन्ट होमियोप्याथी चिकित्सक | नवौं | स्वास्थ्य | होमियोप्याथी | |
| २. | अप्टिसियन सहायक वा सो सरह | पाँचौं | स्वास्थ्य | विविध | |
| ३. | स्टोर मेकानिक्स | रा.प.अनं. द्वितीय | इन्जिनियरिङ्ग | मेकानिकल | निर्माण उपकरण संभार |

## ३. परीक्षण प्रविधि शाखा

**यस त्रैमासिक अवधिमा देहाय बमोजिमका कार्यहरु सम्पन्न भएका छन् ।**

| क.सं | कार्यक्रम | विवरण |
|---|---|---|
| १. | अप्राविधिक सेवा तर्फका रा.प. प्रथम श्रेणीका द्वितीय चरणको कौशल/ गुणमापक अन्तर्गत प्रस्तुतीकरण संचालन । | आ.व. २०८०-८१ का अप्राविधिक सेवा तर्फका नेपाल प्रशासन सेवा, नेपाल न्याय सेवा(न्याय, सरकारी वकिल, कानून), लेखापरीक्षण, परराष्ट्र सेवा सहसचिव वा सो सरहका पदहरुको खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको द्वितीय चरणमा रहको कौशल/सक्षमता परीक्षण अन्तर्गत Case Analysis Presentation को तयारी परीक्षा र Case Presentation को परीक्षा सञ्चालन तथा व्यवस्थापन गरियो। |
| २. | राष्ट्रिय मानव अधिकार सेवा तर्फका रा.प. प्रथम श्रेणीका द्वितीय चरणको कार्यक्रम मामिला प्रस्तुतीकरण अन्तर्गत प्रस्तुतीकरण संचालन । | आ.व. २०८०-८१ का राष्ट्रिय मानव अधिकार सेवा , सहसचिव वा सो सरह पदको आन्तरिक प्रतियोगितात्मक परीक्षाको द्वितीय चरणमा रहको मामिला प्रस्तुतीकरण को तयारी परीक्षा र प्रस्तुतीकरणको परीक्षा सञ्चालन तथा व्यवस्थापन गरियो । |
| ३. | अप्राविधिक सेवा तर्फका रा.प.द्वितीय श्रेणीका द्वितीय चरणको कौशल/ गुणमापक अन्तर्गत In Basket Exercise को मूल्याङ्कन/उत्तरपुस्तिका परीक्षण । | आ.व. २०८०-८१ का अप्राविधिक सेवा तर्फका नेपाल प्रशासन(सामान्य प्रशासन, लेखा, राजस्व), न्याय(न्याय, कानून, सरकारी वकिल), लेखापरीक्षण, परराष्ट्र सेवा उपसचिव वा सो सरहका पदहरुको आन्तरिक तथा खुला प्रतियोगितात्मक परीक्षाको द्वितीय चरणमा रहको कौशल/सक्षमता परीक्षण (Competency Mapping) अन्तर्गत In Basket Exercise को मूल्याङ्कन, उत्तरपुस्तिका परीक्षण तथा व्यवस्थापन गरियो । |
| ४. | नेपाल प्रहरी अन्तर्गतको जनपद तर्फको प्रहरी सहायक निरीक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको नयाँ लागू भएको पाठ्यक्रममा रहेको तृतीय पत्र पेशागत अभिवृत्ति परीक्षण (Professional Orientation Apptitude Test) को खण्ड (ख) मा पेशागत व्यवहारिक परीक्षण (Professional Behavioral Test) को उत्तरपुस्तिका परीक्षण । | नेपाल प्रहरी अन्तर्गतको जनपद तर्फको प्रहरी सहायक निरीक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रममा रहेको तृतीय पत्र पेशागत अभिवृत्ति परीक्षण (Professional Orientation Apptitude Test) को खण्ड (ख) मा पेशागत व्यवहारिक परीक्षण (Professional Behavioral Test) को उत्तरपुस्तिका परीक्षण तथा व्यवस्थापन कार्य गरियो । |

## ४. अनुसन्धान तथा विकास शाखा

**यस त्रैमासिक अवधिमा देहाय बमोजिमको अध्ययन विश्लेषण सम्बन्धी कार्य सम्पन्न भएको छ ।**

| क्र.सं | विषय | कार्यहरुको विवरण |
|---|---|---|
| १. | प्रश्न विश्लेषण अध्ययन | आयोगको आ.व. २०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार नेपाल प्रशासन सेवातर्फ राजपत्राङ्कित द्वितीय श्रेणीमा विगत दश वर्षमा सोधिएका प्रश्नहरुको विज्ञहरुमार्फत विश्लेषण गरी मिति २०८१/३/१० गते आयोग समक्ष प्रतिवेदन प्रस्तुत गरिएको । |

## ५. पदपूर्तिका लागि माग र प्रतिशत निर्धारण

**यस अवधिमा पदपूर्तिका लागि देहाय अनुसार माग संकलन र प्रतिशत निर्धारण गरिएको छ ।**

| क्र.सं. | श्रेणी/तह | माग संकलन | प्रतिशत निर्धारण |
|---|---|---|---|
| १ | रा.प.द्वितीय (प्राविधिक) | ६ | ६ |
| | जम्मा | ६ | ६ |

## ६. विज्ञापन प्रकाशन

**आयोगबाट स्वीकृत कार्यतालिका अनुसार तपसिल बमोजिम प्राविधिक र अप्राविधिक तर्फका पदहरुको विज्ञापन प्रकाशन भएको छ । प्रकाशित विज्ञापन संख्या र विज्ञापित पद संख्या यस प्रकार रहेको छ ।**

| श्रेणी/तह | बढुवा | | आ.प्र. | | खुला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन संख्या | पदसंख्या | विज्ञापन संख्या | पदसंख्या | विज्ञापन संख्या | पदसंख्या | विज्ञापन संख्या | पद संख्या |
| रा.प.द्वितीय | २ | ४ | १ | २ | | | | |
| जम्मा | २ | ४ | १ | २ | | | | |

### खुला तथा समावेशीतर्फ

| किसिम | अप्राविधिक | | प्राविधिक | |
|---|---|---|---|---|
| | विज्ञापन संख्या | पदसंख्या | विज्ञापन संख्या | पदसंख्या |
| खुलातर्फ | - | - | - | - |
| **समावेशीतर्फ** | | | | |
| महिला | - | - | - | - |
| आ.ज. | - | - | - | - |
| मधेसी | - | - | - | - |
| दलित | - | - | - | - |
| अपाङ्ग | - | - | - | - |
| पि.क्षे. | - | - | - | - |
| समावेशी जम्मा | - | - | - | - |
| **कूल जम्मा** | - | - | - | - |

## ७. दरखास्त संकलन

### दरखास्त व्यवस्थापन केन्द्र

आयोग अन्तर्गतको दरखास्त व्यवस्थापन केन्द्रमा यस त्रैमासिक अवधिमा कुल १४ उम्मेदवारहरुबाट बढुवा सम्बन्धी दरखास्त प्राप्त भएका छन् । प्राप्त दरखास्तको श्रेणी/तह अनुसारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | श्रेणी/तह | जेष्ठता र कार्यसम्पादनद्वारा हुने बढुवा | कार्यक्षमताको मुल्याङ्कनद्वारा हुने बढुवा | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | रा.प. द्वितीय | ६ | ८ | १४ | |
| | जम्मा | ६ | ८ | १४ | |

## अनलाइन दरखास्त प्रणाली

### श्रेणी/तहगत

आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत यस त्रैमासिक अवधिमा कूल १५ हजार १ सय ६९ उम्मेदवारहरुबाट दरखास्त प्राप्त भएका छन् । प्राप्त दरखास्तको श्रेणी/तह अनुसारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | अप्राविधिक | | प्राविधिक | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | |
| १ | रा.प. द्वितीय | ० | ० | ११ | ८१ | ९२ |
| २ | रा.प.अनं. द्वितीय | १०३१ | १५७५ | ३७७७ | ५६१४ | ११९९७ |
| ३ | सहायक चौथो तह | ० | ० | १५८७ | १४९३ | ३०८० |
| | जम्मा | १०३१ | १५७५ | ५३७५ | ७१८८ | १५१६९ |

### आ.प्र., खुला तथा समावेशीतर्फ

| किसिम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| **आन्तरिक प्रतियोगितातर्फ** | १२ | १०० | ११२ |
| **खुलातर्फ** | २९८२ | ६४७४ | ९४५६ |
| **समावेशीतर्फ** | | | |
| महिला | २६९४ | ० | २६९४ |
| आदिवासी/जनजाति | २३९ | ४१९ | ६५८ |
| मधेसी | ४५३ | १६०८ | २०६१ |
| दलित | ६ | ४९ | ५५ |
| अपाङ्ग | २० | ११३ | १३३ |
| पिछडिएको क्षेत्र | ० | ० | ० |
| **समावेशी जम्मा** | ३४१२ | २१८९ | ५६०१ |
| **कुल जम्मा** | ६४०६ | ८७६३ | १५१६९ |

### जिल्लागत विवरण

उम्मेदवारको स्थायी ठेगानामा उल्लेखित जिल्लाका आधारमा प्राप्त दरखास्तहरु विश्लेषण गर्दा यस अवधिमा सर्लाही, धनुषा, रौतहट, रुकुम पश्चिम र महोत्तरी जिल्लाबाट सबै भन्दा बढी तथा ताप्लेजुङ्ग, तेह्रथुम, पाँचथर, म्याग्दी र रसुवा जिल्लाबाट सबै भन्दा कम दरखास्त प्राप्त भएको देखिन्छ । दरखास्तको जिल्लागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| सर्लाही | २८७ | ६२६ | ९१३ |
| धनुषा | ३०६ | ५१९ | ८२५ |
| रौतहट | २२८ | ५९७ | ८२५ |
| रुकुम पश्चिम | ४३९ | ३७६ | ८१५ |
| महोत्तरी | २०७ | ५५० | ७५७ |
| सप्तरी | १५० | ५७५ | ७२५ |
| जुम्ला | २९५ | ३३७ | ६३२ |
| सिराहा | २३२ | ३९८ | ६३० |
| बारा | १२१ | ४२७ | ५४८ |
| सल्यान | १९३ | १६३ | ३५६ |
| पर्सा | ७५ | २६७ | ३४२ |
| कञ्चनपुर | १५९ | १४५ | ३०४ |
| बझाङ | १०६ | १९१ | २९७ |
| कैलाली | १०० | १९१ | २९१ |
| दैलेख | १५० | १३५ | २८५ |
| बर्दिया | ११५ | १५९ | २७४ |
| कालिकोट | ९६ | १६८ | २६४ |
| बैतडी | १०५ | १५२ | २५७ |
| जाजरकोट | १०१ | १३९ | २४० |
| दाङ | १३० | १०६ | २३६ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| सुर्खेत | १३९ | ८५ | २२४ |
| रुपन्देही | ४७ | १७४ | २२१ |
| सुनसरी | ७० | १३१ | २०१ |
| रोल्पा | १२७ | ७२ | १९९ |
| दार्चुला | ८८ | १०७ | १९५ |
| अछाम | ४२ | १२२ | १६४ |
| कपिलवस्तु | ४५ | ११४ | १५९ |
| सिन्धुली | १०२ | ५५ | १५७ |
| खोटाङ | ११४ | ४१ | १५५ |
| बाजुरा | ७६ | ७८ | १५४ |
| हुम्ला | ५५ | ९९ | १५४ |
| मोरङ | ७१ | ८३ | १५४ |
| बाँके | ४६ | १०० | १४६ |
| मुगु | ६० | ८२ | १४२ |
| डोटी | ३९ | १०० | १३९ |
| डँडेलधुरा | ६४ | ७० | १३४ |
| स्याङ्जा | ७० | ६३ | १३३ |
| गुल्मी | ८२ | ५० | १३२ |
| पाल्पा | ८० | ४४ | १२४ |
| रामेछाप | १०१ | २३ | १२४ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| प्युठान | ७३ | ४५ | ११८ |
| ओखलढुङ्गा | ८३ | ३१ | ११४ |
| दोलखा | ८५ | २८ | ११३ |
| गोरखा | ५७ | ४६ | १०३ |
| अर्घाखाँची | ५९ | ४१ | १०० |
| उदयपुर | ५३ | ४० | ९३ |
| काठमाडौं | ६० | २७ | ८७ |
| काभ्रेपलाञ्चोक | ५३ | २९ | ८२ |
| सिन्धुपाल्चोक | ४० | ३६ | ७६ |
| बागलुङ | ५० | २२ | ७२ |
| झापा | ३४ | ३८ | ७२ |
| नवलपरासी पश्चिम | २५ | ४७ | ७२ |
| संखुवासभा | ४२ | २९ | ७१ |
| मकवानपुर | ३१ | ३८ | ६९ |
| कास्की | ३५ | ३१ | ६६ |
| डोल्पा | ४१ | २४ | ६५ |
| पर्वत | ४४ | २१ | ६५ |
| तनहुँ | ३३ | २८ | ६१ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| सोलुखुम्बु | ५० | ७ | ५७ |
| चितवन | २९ | २७ | ५६ |
| धादिङ | ३५ | २१ | ५६ |
| इलाम | ३१ | २५ | ५६ |
| ललितपुर | १९ | ३१ | ५० |
| लमजुङ | ३२ | १६ | ४८ |
| नुवाकोट | २३ | २३ | ४६ |
| धनकुटा | ३१ | १३ | ४४ |
| भक्तपुर | २८ | १३ | ४१ |
| रुकुम पुर्व | ३३ | ८ | ४१ |
| नवलपरासी पुर्व | २१ | १४ | ३५ |
| भोजपुर | २१ | १० | ३१ |
| ताप्लेजुङ | ११ | १२ | २३ |
| तेह्रथुम | १५ | ५ | २० |
| पाँचथर | ७ | १२ | १९ |
| म्याग्दी | ९ | ५ | १४ |
| रसुवा | ० | ६ | ६ |
| **जम्मा** | ६४०६ | ८७६३ | १५१६९ |

## जातिगत विवरण

उम्मेदवारले दरखास्त पेश गर्दा उल्लेख गरेको जातिगत विवरणका आधारमा दरखास्त फारामको जातिगत वर्गीकरण यस प्रकार रहेको छ ।

| जात/जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| क्षेत्री | १७६२ | १६६४ | ३४२६ |
| ब्राह्मण - पहाड | १०५२ | १०७३ | २१२५ |
| यादव | ४७५ | १२९६ | १७७१ |
| थारू | ३५० | ६१५ | ९६५ |
| मगर | ४७९ | २४७ | ७२६ |
| तेली | १८८ | ४५६ | ६४४ |
| कोइरी/कुशवाहा | १४८ | ३८५ | ५३३ |
| ब्राह्मण - तराई | २२१ | २१३ | ४३४ |
| ठकुरी | २४१ | १९० | ४३१ |
| विश्वकर्मा | ११५ | १५५ | २७० |
| नेवाः (नेवार) | १४४ | ११५ | २५९ |
| धानुक | २७ | १६२ | १८९ |
| तामाङ | ११० | ७६ | १८६ |
| कुर्मी | २४ | १३२ | १५६ |
| राई | ११७ | ३६ | १५३ |
| कानु | ४४ | १०८ | १५२ |
| सुँडी | ६९ | ७७ | १४६ |
| सार्की | ७५ | ६३ | १३८ |
| कलवार | ४१ | ९१ | १३२ |
| मुसलमान | २० | १११ | १३१ |
| हजाम/ठाकुर | ५७ | ६९ | १२६ |
| कुम्हार | २० | ९१ | १११ |
| केवट | २९ | ६४ | ९३ |
| लोहार | ३० | ६३ | ९३ |
| तत्मा / दास | १८ | ६९ | ८७ |
| चमार/हरिजन/राम | ११ | ६९ | ८० |
| बनियाँ | २० | ६० | ८० |
| परियार | ३७ | ४२ | ७९ |
| बरई | ८ | ५९ | ६७ |
| सुनार | २५ | ४२ | ६७ |

| जात/जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| गुरुङ | ३६ | ३० | ६६ |
| मल्लाह | ८ | ५८ | ६६ |
| दुसाध/पासवान/पासी | १९ | ४४ | ६३ |
| सोनार | १५ | ४८ | ६३ |
| याक्थुङ/लिम्बु | ४१ | १५ | ५६ |
| बरही | ७ | ४२ | ४९ |
| हलुवाई | १८ | २९ | ४७ |
| कायस्थ | १३ | ३२ | ४५ |
| धोबी | ७ | ३८ | ४५ |
| गडेरी/भेडियार | १५ | २६ | ४१ |
| कथबनियाँ | ८ | ३० | ३८ |
| दनुवार | १५ | २३ | ३८ |
| भूमिहार | १३ | २४ | ३७ |
| खत्वे | ९ | २७ | ३६ |
| घर्ती/भुजेल | १५ | १८ | ३३ |
| सन्यासी/दशनामी | ९ | २३ | ३२ |
| अमात | १० | २० | ३० |
| कुमाल | ८ | २२ | ३० |
| राना थारू | २ | २८ | ३० |
| राजधोव | ६ | २३ | २९ |
| रौनियार | १२ | १६ | २८ |
| बडही/बढई | ६ | १९ | २५ |
| सुनुवार | २२ | ३ | २५ |
| माझी | ९ | १५ | २४ |
| नुनीया | ० | २३ | २३ |
| राजवंशी | ६ | १६ | २२ |
| राजपूत | ५ | १६ | २१ |
| बिन | ७ | १२ | १९ |
| व्याँसी/सौका | ११ | ८ | १९ |
| कोरी | ६ | ८ | १४ |
| मिजार | ४ | ९ | १३ |

| जात/जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| चाई/खुलौट | ६ | ६ | १२ |
| भोटे | ५ | ७ | १२ |
| लोध | ० | १२ | १२ |
| जिरेल | ९ | २ | ११ |
| गनगाई | २ | ८ | १० |
| शेर्पा | ६ | ४ | १० |
| पुन | ५ | ३ | ८ |
| आठपहरिया | २ | ५ | ७ |
| किसान | ० | ७ | ७ |
| कुलुङ | ६ | १ | ७ |
| चेपाङ/प्रजा | २ | ५ | ७ |
| गोंढ/गोड | १ | ५ | ६ |
| थुलुङ | ४ | २ | ६ |
| बोटे | ३ | ३ | ६ |
| कलार | ३ | २ | ५ |
| कहर | ० | ५ | ५ |
| खालिङ | ३ | २ | ५ |
| दराइ | ० | ५ | ५ |
| देव | ३ | २ | ५ |
| माली | ० | ५ | ५ |
| डोम | २ | २ | ४ |
| ताजपुरिया | २ | २ | ४ |
| थामी | ३ | १ | ४ |
| धुनीया | ० | ४ | ४ |

| जात/जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| पोदार | ० | ४ | ४ |
| मुसहर | ० | ४ | ४ |
| कमर | २ | १ | ३ |
| धिमाल | १ | २ | ३ |
| याक्खा | ३ | ० | ३ |
| हायु | ३ | ० | ३ |
| खटिक | ० | २ | २ |
| खवास | १ | १ | २ |
| गाइने | १ | १ | २ |
| पहरी | १ | १ | २ |
| बहिङ | २ | ० | २ |
| मेवाहाङ | २ | ० | २ |
| वाँतर/सरदार | २ | ० | २ |
| सन्थाल | २ | ० | २ |
| सरवरिया | ० | २ | २ |
| उराँव/कुडुख | ० | १ | १ |
| चाम्लिङ | ० | १ | १ |
| छन्त्याल/छन्तेल | ० | १ | १ |
| नटुवा | ० | १ | १ |
| बराम / बरामु | ० | १ | १ |
| बेलदार | ० | १ | १ |
| राजभर | ० | १ | १ |
| जम्मा | ६४०६ | ८७६३ | १५१६९ |

## प्रदेशगत विवरण

उम्मेदवारको स्थायी ठेगानामा उल्लेखित जिल्लाका आधारमा प्राप्त दरखास्तहरु प्रदेशगत विश्लेषण गर्दा मधेसमा स्थायी बसोबास गर्ने सबैभन्दा बढी र गण्डकी प्रदेशमा स्थायी बसोबास गर्ने सबैभन्दा कम व्यक्तिले दरखास्त फाराम भरेको पाइएको छ ।

| प्रदेश | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| कोशी प्रदेश | ६३३ | ४७७ | १११० |
| मधेस प्रदेश | १६०६ | ३९५७ | ५५६३ |
| बागमती प्रदेश | ६०६ | ३५९ | ९६५ |
| गण्डकी प्रदेश | ३५१ | २४६ | ५९७ |
| लुम्बिनी प्रदेश | ८६२ | ९६० | १८२२ |
| कर्णाली प्रदेश | १५६९ | १६०८ | ३१७७ |
| सुदूरपश्चिम प्रदेश | ७७९ | ११५६ | १९३५ |
| **जम्मा** | ६४०६ | ८७६३ | १५१६९ |

## ८. लिखित परीक्षा सञ्चालन

**यस त्रैमासिक अवधिमा लिखित परीक्षा सञ्चालन भएको विज्ञापन संख्या यस प्रकार रहेको छ ।**

| श्रेणी/तह | लिखित परीक्षा सम्पन्न भएको विज्ञापन संख्या | | जम्मा |
|---|---|---|---|
| | अप्राविधिक | प्राविधिक | |
| रा.प.प्रथम | - | १ | १ |
| रा.प.द्वितीय | २ | १ | ३ |
| जिल्ला न्यायाधीश | १ | - | १ |
| **जम्मा** | ३ | २ | ५ |

**यस अवधिमा माथि उल्लेखित विज्ञापनसंग सम्बन्धित लिखित परीक्षामा रहेको उपस्थितिको विवरण यसप्रकार रहेको छ ।**

| श्रेणी/तह | लिखित परीक्षामा उपस्थित उम्मेदवार संख्या | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| रा.प. प्रथम (प्राविधिक) | ० | २९ | २९ |
| रा.प. द्वितीय (अप्राविधिक) | ५८ | २१० | २६८ |
| रा.प. द्वितीय (प्राविधिक) | ४ | ४१ | ४५ |
| जिल्ला न्यायाधीश | २६ | ११७ | १४३ |
| **जम्मा** | **८८** | **३९७** | **४८५** |

## ९. लिखित परीक्षा नतिजा तयारी

यस अवधिमा कूल १०८ वटा विज्ञापनका लागि ९०८ दक्ष/विज्ञ मनोनयन गरिएको छ । जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | दक्ष विज्ञ मनोनयन | नतिजा तयारी |
|---|---|---|---|
| १. | अप्राविधिक | ३८८ | ५७ |
| २. | प्राविधिक | ५२० | ५१ |
| **जम्मा** | | **९०८** | **१०८** |

यस अवधिमा कूल १,२४,०१२ उत्तरपुस्तिका परीक्षण भएका छन् । जसको वर्गीकृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | अप्राविधिक | प्राविधिक | जम्मा |
|---|---|---|---|---|
| १. | विषयगत | ७५,१२६ | १३५०४ | ८८६३० |
| २. | OMR Sheet | ६१,४२७ | - | ६१४२७ |
| ३. | वस्तुगत | १,५३२ | - | १५३२ |
| **जम्मा** | | **१,३८,०८५** | **१३५०४** | **१५१५८९** |

## १०. लिखित परीक्षा नतिजा प्रकाशन शाखा

**अन्तर्वार्ताको लागि छनौट**

**यस अवधिमा अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारको श्रेणी/तह अनुसारको संख्या यस प्रकार रहेको छ**

| श्रेणी/तह | अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवार संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | अप्राविधिक | | | प्राविधिक | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| रा.प. प्रथम | ६ | १४ | २० | १ | २ | ३ |
| एघारौं | - | - | - | ३ | १४ | १७ |
| रा.प. द्वितीय | ४४ | २०७ | २५१ | २० | ५५ | ७५ |
| नवौं | - | - | - | १८ | ४१ | ५९ |
| राष्ट्रिय मानव अधिकार सेवा (अधिकृत प्रथम श्रेणी) | - | ४ | ४ | - | - | - |
| रा.प.अनं. प्रथम | १२ | २२ | ३४ | - | - | - |
| रा.प.अनं. द्वितीय | २७४ | ५२४ | ७९८ | १२६ | ३४१ | ४६७ |
| चौथो | - | - | - | १४ | ३२ | ४६ |
| **जम्मा** | **३३६** | **७७१** | **११०७** | **१८२** | **४८५** | **६६७** |

## ११. अन्तर्वार्ता तथा सिफारिस

### सिफारिस सम्बन्धी विवरण

**लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारको अन्तर्वार्ता समेतका आधारमा देहायको संख्यामा उम्मेदवार सिफारिस भएका छन्।**

| श्रेणी/तह | सिफारिस भएका उम्मेदवार संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | अप्राविधिक | | | प्राविधिक | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| रा.प. प्रथम | ४ | १५ | १९ | - | ८ | ८ |
| एघारौं | - | - | - | १ | ४ | ५ |
| रा.प. द्वितीय | ६ | ३७ | ४३ | - | - | - |
| राष्ट्रिय मानव अधिकार सेवा (अधिकृत प्रथम श्रेणी) | - | १ | १ | - | - | - |
| रा.प.अनं.प्रथम | २ | ८ | १० | - | - | - |
| रा.प.अनं. द्वितीय | १४८ | ३४० | ४८८ | ३७ | १२० | १५७ |
| चौथो | | | | ५ | १२ | १७ |
| **जम्मा** | १६० | ४०१ | ५६१ | ४३ | १४४ | १८७ |

### विज्ञापनदेखि सिफारिससम्मको विस्तृत विवरण

यस त्रैमासिक अवधिमा विज्ञापनदेखि सिफारिस सम्मको श्रेणी/तह अनुसारको संख्यात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| श्रेणी/तह | विज्ञापित पद संख्या | | संकलन भएको दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | सिफारिस भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| **रा.प. प्रथम** | - | - | - | - | - | २९ | २९ | ४ | २३ | २७ |
| **एघारौं** | - | - | - | - | - | - | - | १ | ४ | ५ |
| **अधिकृत प्रथम** | - | - | - | - | - | - | - | - | १ | १ |
| **रा.प. द्वितीय** | - | ६ | - | ९२ | ६२ | २५१ | ३१३ | ६ | ३७ | ४३ |
| **रा.प.अनं. प्रथम** | - | - | - | - | - | - | - | २ | ८ | १० |
| **रा.प.अनं. द्वितीय** | - | - | २६०६ | ९३९१ | - | - | - | १८५ | ४६० | ६४५ |
| **चौथो** | - | - | - | ३०८० | - | - | - | ५ | १२ | १७ |
| **जिल्ला न्यायाधीश** | - | - | - | - | २६ | ११७ | १४३ | - | - | ० |
| **जम्मा** | - | ६ | २६०६ | १२५६३ | ८८ | ३९७ | ४८५ | २०३ | ५४५ | ७४८ |

## १२. सुरक्षा निकाय तथा संगठित संस्थातर्फ

### पदपूर्तिका लागि सहमति प्रदान गरिएका पदहरुको विवरण

यस त्रैमासिक अवधिमा निम्न बमोजिम सुरक्षा निकाय र संगठित संस्थाहरुलाई विज्ञापन प्रकाशन गर्न सहमति प्रदान गरिएको छ।

| क्र.सं. | सुरक्षा निकाय तथा संगठित संस्थाको नाम | सहमती प्रदान गरिएका जम्मा पद | | तहगत वर्गीकरण | | |
|---|---|---|---|---|---|---|
| | | बढुवाबाट पूर्ति हुने पद | लिखित परीक्षाबाट पूर्ति हुने | अधिकृत स्तर | सहायक स्तर | सहमति प्रदान गरिएको मिति |
| १ | नेपाली सेना (सैन्य) दोस्रो पटक | ० | २५०० | ० | २५०० | २०८१/०१/०३ |
| २ | नेपाली सेना (फलोअर्स) दोस्रो पटक | ० | १२५ | ० | १२५ | २०८१/०१/०३ |
| ३ | नेपाली सेना (पदिक विल्लादार) दोस्रो पटक | १५ | ४६२ | ० | ४७७ | २०८१/०१/०३ |
| ४ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १४ | १४ | १८ | १० | २०८१/०१/१७ |
| ५ | निक्षेप तथा कर्जा सुरक्षण कोष | १ | ८ | ५ | ४ | २०८१/०१/३१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | अनुसन्धान विभाग (सहायक सूचक) | ० | २३४ | ० | २३४ | २०८१/०२/०७ |
| ७ | अनुसन्धान विभाग (सुरक्षा गार्ड) | ० | १६ | ० | १६ | २०८१/०२/०७ |
| ८ | अनुसन्धान विभाग (परिचर) | ० | २ | ० | २ | २०८१/०२/०७ |
| ९ | निजामती कर्मचारी अस्पताल | ० | १२८ | १६ | ११२ | २०८१/०२/१८ |
| १० | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | २६ | ४४ | ५८ | १२ | २०८१/०२/३२ |
| ११ | सशस्त्र प्रहरी बल, नेपाल (प्रहरी निरीक्षक) | ० | ४८ | ३७ | ११ | २०८१/०३/१० |
| १२ | प्राविधिक सीप विकास तालिम परिषद् | १०० | १२६ | १२८ | ९८ | २०८१/०३/२४ |
| | **जम्मा** | **१५६** | **३७०७** | **२६२** | **३६०१** | |

## लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको विवरण

यस त्रैमासिक अवधिमा लिखित परीक्षामा सम्मिलित भएका उम्मेदवारको संख्या निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | सुरक्षा निकाय तथा संगठित संस्थाको नाम | जम्मा उम्मेदवार | लिखित परीक्षामासम्मिलित भएका उम्मेदवारको संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | १८५९ | १८० | ८४९ | १०२९ |
| २ | कर्मचारी सञ्चय कोष | १२१ | ४५ | ४० | ८५ |
| ३ | कृषि विकास बैङ्क लिमिटेड | २८७ | ३१ | ४६ | ७७ |
| ४ | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | १२६२२ | १६६३ | १९१३ | ३५७६ |
| ५ | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड | ७०३ | २१६ | १९६ | ४१२ |
| ६ | नेपाल आयल निगम | २३२६ | २८० | ५९६ | ८७६ |
| ७ | नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था | ६५० | ११० | १६६ | २७६ |
| ८ | नेपाल नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान | ४१९ | ८७ | २२९ | ३१६ |
| ९ | नेपाल नागरिक उड्डयन प्राधिकरण | ४९१४ | ५९० | १२४० | १८३० |
| १० | नेपाल प्रहरी | १६५४९ | ४७१५ | १०९९० | १५७०५ |
| ११ | नेपाल बीमा प्राधिकरण | ७२१ | १०० | ११२ | २१२ |
| १२ | नेपाल राष्ट्र बैङ्क | ४९२७१ | १६८१२ | १४२२६ | ३१०३८ |
| १३ | नेपाल विद्युत प्राधिकरण | ४६७३४ | ५१४७ | १०२८७ | १५४३४ |
| १४ | नेपाली सेना | २४६६ | ४५८ | १६९२ | २१५० |
| १५ | प्रेस काउन्सिल नेपाल | ४९ | २९ | ० | २९ |
| १६ | राष्ट्रिय न्यायिक प्रतिष्ठान | २१३ | ८२ | ४४ | १२६ |
| १७ | शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र | ५५७ | ८५ | १८० | २६५ |
| १८ | सशस्त्र प्रहरी बल, नेपाल | ३०५६ | ४२६ | २२६४ | २६९० |
| १९ | सामाजिक सुरक्षा कोष | २२६० | २७५ | २८१ | ५५६ |
| **जम्मा** | | **१४५७७७** | **३१३३१** | **४५३५१** | **७६६८२** |

## लिखित परीक्षाको नतिजा तयारी सम्बन्धी विवरण

यस अवधिमा कूल १८९ वटा विज्ञापनका लागि ५ सय ७९ विषय विज्ञ वा दक्ष मनोनयन गरिएको छ । कूल ३९ हजार ५८ उत्तरपुस्तिका परीक्षण भएका छन् । जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विषयगत | २०,००९ | ५१ |
| २. | OMR Sheet | १२,३२९ | ३२ |
| ३. | वस्तुगत | ६,७२० | १७ |
| **जम्मा** | | **३९,०५८** | **१००** |

**लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी विवरण**

लिखित परीक्षाहरुबाट देहायको संख्यामा उम्मेदवारहरु छनौट भएका छन् ।

| क्र.सं. | सुरक्षा निकाय तथा संगठित संस्थाको नाम | लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारको संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १. | कृषि तथा वन विज्ञान विश्वविद्यालय | ११ | २५ | ३६ |
| २. | कृषि विकास बैंक लिमिटेड | ६२ | ११० | १७२ |
| ३. | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड | १ | १ | २ |
| ४. | तारागाउँ विकास समिति | ८ | १४ | २२ |
| ५. | नेपाल नागरिक उड्डयन प्राधिकरण | ३६ | १८३ | २१९ |
| ६. | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | १७ | १२ | २९ |
| ७. | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | १२ | ७ | १९ |
| ८. | नेपाल प्रहरी | ८६ | २८८ | ३७४ |
| ९. | नेपाल बैंक लिमिटेड | ४८ | ७० | ११८ |
| १०. | नेपाल राष्ट्र बैंक | ५२४० | ६५२० | ११७६० |
| ११. | नेपाली सेना | ४८ | २०६ | २५४ |
| १२. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् | ५ | ११ | १६ |
| १३. | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | १४ | ३३ | ४७ |
| १४. | रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) | ४३ | ४९ | ९२ |
| १५. | शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र | १४ | २० | ३४ |
| १६. | सशस्त्र प्रहरी बल, नेपाल | ४८ | २७७ | ३२५ |
| १७. | सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड | ३ | १० | १३ |
| | **कुल जम्मा** | ५६९६ | ७८३६ | १३५३२ |

## १३. विभागीय सजाय/परामर्श

आयोगबाट यस त्रैमासिक अवधिमा विभागीय सजाय सम्बन्धी भएका निर्णयहरु यस प्रकार रहेका छन् ।

| क्र.सं. | निर्णय नं./निर्णय मिति | कारबाहीको परामर्श दिइएको व्यक्तिको पद र नाम | आयोगबाट भएको निर्णय | सामान्य/ विशेष |
|---|---|---|---|---|
| १ | १९१/२०८१/०२/०७ | प्रकाशमान के.सी, नायब सुब्बा | भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने | विशेष |
| २ | २०१/२०८१/०३/०६ | राहुल पंजियार, इन्जिनियर | भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने | विशेष |
| ३ | २१३/२०८१/०३/१३ | विजय खत्री, कम्प्युटर इन्जिनियर | भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने | विशेष |

उपर्युक्त निर्णयको वर्गीकृत सारांश देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | सजायको प्रकार | व्यक्तिको संख्या |
|---|---|---|
| **सामान्य सजाय** | | |
| १. | - | - |
| **विशेष सजाय** | | |
| १. | भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने | ३ |
| | **जम्मा** | ३ |

विभागीय सजायका लागि परामर्श प्रदान गरिएको लैङ्गिक र तहगत वर्गीकरणः

| क्र.सं. | श्रेणी/तह | सामान्य सजाय | | विशेष सजाय | | जम्मा परामर्श संख्या |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | |
| १. | रा.प.तृतीय श्रेणी | - | - | - | २ | २ |
| २. | रा.प.अनं. प्रथम श्रेणी | - | - | - | १ | १ |
| जम्मा | | - | - | - | ३ | ३ |

## बढुवा उजुरीसम्बन्धी विवरण

| क्र.सं. | सेवा, समूह | सिफारिस संख्या | उजुरी संख्या | संशोधित संख्या | निर्णयको अवस्था |
|---|---|---|---|---|---|
| १ | नेपाल स्वास्थ्य, नवौ तह, अस्पताल नर्सिङ प्रशासक | २ | १ | ० | निर्णय हुन बाँकी |
| २ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, रा.प.तृतीय श्रेणी | ५० | १ | ० | निर्णय भएको |
| ३ | नेपाल न्याय, न्याय समूह, शाखा अधिकृत | १४ | १ | ० | निर्णय भएको |
| ४ | नेपाल कृषि, बाली संरक्षण समूह रा.प.तृतीय श्रेणी, बाली संरक्षण अधिकृत | १ | २ | ० | निर्णय भएको |
| ५ | नेपाल कृषि, माटो विज्ञान समूह,रा.प.तृतीय श्रेणी, माटो विज्ञ | १ | २ | ० | निर्णय भएको |
| ६ | नेपाल इन्जिनियरिङ, सर्भे समूह, रा.प.तृतीय श्रेणी, नापी अधिकृत | ४ | ३ | ० | निर्णय भएको |
| | जम्मा | ७२ | १० | ० | |

## रिट निवेदन सम्बन्धी विवरण

| क्र.सं. | अदालत | संख्या |
|---|---|---|
| १ | सर्वोच्च अदालत | १२ |
| २ | उच्च अदालत | १८ |
| ३ | प्रशासकीय अदालत | १ |
| ४ | राष्ट्रिय सूचना आयोग | १ |
| | जम्मा | ३२ |

## १४. परामर्श सम्बन्धी विवरण

यस त्रैमासिक अवधिमा आयोगबाट कर्मचारी सेवा शर्त सम्बन्धी कानून लगायतका विषयमा प्रदान गरिएका परामर्शहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | निर्णय नं. र मिति | आयोगबाट प्रदान गरिएको परामर्श |
|---|---|---|
| १ | १८६/२०८१/२/३ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची हेरफेर तथा थपघट गर्न प्रस्तावित मस्यौदामा परामर्शका लागि अनुरोध भई आएको सम्बन्धमा संलग्न मस्यौदा स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्न परामर्श प्रदान |
| २ | २०४/२०८१/३/६ | कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, (एक्काइसौं संशोधन), २०८१ मा परामर्श प्रदान । |

## १५. परीक्षामा अनियमितता गर्ने उपर आयोगबाट गरिएको कारबाही

तपसीलका परीक्षा केन्द्रबाट सम्मिलित भएका देहाय अनुसारका उम्मेदवारहरुले लोक सेवा आयोग ऐन, २०७९ र आयोगको (कार्यसञ्चालन) निर्देशिका, २०७९ अनुसार परीक्षामा अनियमितता गरेको पाइएकोले देहाय बमोजिम कारबाही गर्ने गरी आयोगबाट निर्णय भएको छ ।

| क्र.सं. | परीक्षार्थीको नाम र ठेगाना | परीक्षार्थीको नागरिकता नं., जारी मिति र जिल्ला | परीक्षा मिति र परीक्षा केन्द्र | निकाय | परीक्षा सञ्चालन गर्ने कार्यालय | विज्ञापन नं., पद, सेवा, समूह, श्रेणी/तह | रोल नं. | बाबु / आमाको नाम | बाजेको नाम | अनियमितता गरेको कार्य | आयोगको निर्णय | निर्णय नं. र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कृष्णप्रसाद शर्मा, नौमुले-१, दैलेख | ६३१००३/२०४, दैलेख | २०८०/१२/२१,२२ र २३ सुर्खेत | निजामती | लोक सेवा आयोग, सुर्खेत कार्यालय | १६६९५-१६७०१ /०८०-८१ (खुला/समावेशी) एकीकृत तथा संयुक्त, शाखा अधिकृत वा सो सरह | ६५०१०३ | मनिराम/लक्ष्मी | मोतिराम | उत्तरपुस्तिकाको एक खण्डको पाना च्याती अर्को खण्डको उत्तरपुस्तिकामा स्टिचिङ्ग गर्न खोजेको | लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१(१) बमोजिमको कसुर गरेकोले निजको उक्त विज्ञापनको सबै परीक्षा रद्द गरिएको । | १७१, २०८१/१/१३ |
| २. | समीर गुरुङ्ग, महाबु - २, दैलेख | ६३-०१-७६-०११७०, २०७६/०३/१८, दैलेख | २०८०/१२/२५, जनमूना मा.वि. (ख) केन्द्र | नेपाली सेना | लोक सेवा आयोग, सुर्खेत कार्यालय | ०८०/८१/०२, सैन्य | NWA २२४६ | जगत बहादुर/अनिता | देवीराम | विषयगत उत्तरपुस्तिकाको तेस्रो पेज च्यातेको | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गर्ने । | १७३, २०८१/०१/१३ |
| ३. | दिपा बुढा गिरी, पञ्चपुरी - ८, सुर्खेत | ६४-०१-६९-०१९६७, सुर्खेत | २०८०/१२/२७, कृष्ण मा.वि. (१०+२ भवन), सुर्खेत | राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड | लोक सेवा आयोग, सुर्खेत कार्यालय | ७६/२०७९/०८०, सहायक, प्रशासन, प्रशासन, ४ (कर्णाली प्रदेश र सो अन्तर्गतका कार्यालय) | ६००७२४ | भक्तबहादुर/मधु | तिर्थ बहादुर | निज परीक्षार्थीले लगाएको कपडामा अन्दाजी २ पेज लेखेको भेटिएको | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गर्ने तथा आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा २ (दुई) वर्षसम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने । | १७३, २०८१/०१/१३ |
| ४. | शशिधर पोखेल, प्युठान - ७, प्युठान | ५३३०१८-३९, प्युठान | २०८०/१२/३०, लोक सेवा आयोग, पोखरा कार्यालय | राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड | लोक सेवा आयोग, पोखरा कार्यालय | ८१/२०७९/०८०, सहायक (नगद), प्रशासन, नगद, ४ (गण्डकी प्रदेश र सो अन्तर्गतका कार्यालय) | ८११४२२ | गंगाराम / सरसता | कविराम | विषयगत उत्तरपुस्तिका (खण्ड क, ख र ग) आफैंले लिइ गएको | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गर्ने तथा आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा १ (एक) वर्षसम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने । | १७३, २०८१/०१/१३ |
| ५. | शुष्मा ढकाल, भानु -२, तनहुँ | ४३-०१-७७-१८३७, २०७७/०८/०३, तनहुँ | २०८१/१/२८ गते, नेपाल युवक मा.वि. (क) केन्द्र, काठमाडौं | नेपाली सेना | लोक सेवा आयोग, काठमाडौं कार्यालय | ०८०/८१/०१, अधिकृत क्याडेट, सैनिक साधारण | ७७३३ | नवराज / प्रभा | शिव दत्त | गणित विषयको खण्ड क को विषयगत उत्तरपुस्तिकाको पाना १ (एक) च्याती सोही स्थानमै स्टेपलर गरिएको | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गर्ने । | १७५, २०८१/०१/१७ |

| क्र.सं. | परीक्षार्थीको नाम र ठेगाना | परीक्षार्थीको नागरिकता नं., जारी मिति र जिल्ला | परीक्षा मिति र परीक्षा केन्द्र | निकाय | परीक्षा सञ्चालन गर्ने कार्यालय | विज्ञापन नं., पद, सेवा, समूह, श्रेणी/तह | रोल नं. | बाबु / आमाको नाम | बाजेको नाम | अनियमितता गरेको कार्य | आयोगको निर्णय | निर्णय नं. र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६. | सोनु कुमार चौधरी, बरहथवा-१३, सर्लाही | १९-०१-७३-०३३८४, २०७३/०३/१०, सर्लाही | २०८१/१/२८ गते, रत्न राज्य मा.वि. (क) केन्द्र, काठमाडौं | राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | लोक सेवा आयोग, काठमाडौं कार्यालय | ७३/२०७९-८०, सहायक, प्रशासन, प्रशासन, ४ | ३१०३९१ | रामाधार / आशादेवी | लिलाकान्त | उत्तरपुस्तिका नबुझाई आफु साथ लिई गएको | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा १ (एक) वर्षसम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने । | १७९, २०८१/०१/२० |
| ७. | बुङ्ग बोम्जन,इकुडोल-१, ललितपुर | २८-०१-०६९-०२६५०, २०६९/०४/११, ललितपुर | २०८१/१/३०, नेपाल युवक मा.वि. (क) पकनाजोल केन्द्र, काठमाडौं | सशस्त्र प्रहरी बल, नेपाल | लोक सेवा आयोग, काठमाडौं कार्यालय | ०२/०८०-८१, सशस्त्र प्रहरी सहायक निरीक्षक | ३४०३ | वाङ/किर्तिकुमारी | छेकुदोर्जे | अङ्ग्रेजी विषयको लिखित परीक्षामा चिट चोरेको | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा २ (दुई) वर्षसम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने । | १८९, २०८१/०२/०७ |
| ८. | यमराज रोकाय, पलाता-७, कालीकोट | ६१-०१-७३-०१३९९, २०७३/०४/०९, कालीकोट | २०८१/१/३०, लोक सेवा आयोग, सुर्खेत कार्यालयको परीक्षा भवन | सशस्त्र प्रहरी बल, नेपाल | लोक सेवा आयोग, सुर्खेत कार्यालय | ०२/०८०-८१, सशस्त्र प्रहरी सहायक निरीक्षक | ३०४०५ | खडक बहादुर/सुरुपा | गोरे | अङ्ग्रेजी विषयको लिखित परीक्षामा निजको साथमा सशस्त्र प्रहरी सहायक निरीक्षक परीक्षा सारथी पुस्तकको चिट फेला परेको | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (क) बमोजिम २(दुई) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने । | १९३, २०८१/०२/२४ |

**परीक्षामा अनियमितता गर्ने उम्मेदवारको लैङ्गिक तथ्याङ्क यस प्रकार रहेको छ ।**

| क्र.सं. | लिङ्ग | संख्या |
|---|---|---|
| १. | महिला | २ |
| २. | पुरुष | ६ |
| **जम्मा** | | ८ |

## १६. कर्मचारी व्यवस्थापन

### (१) सरुवा

(क) अन्य निकायबाट आयोग वा अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा गर्ने निकाय | सरूवा/पदस्थापना गरिएको निकाय | सरूवा/ पदस्थापन निर्णय मिति | आयोगमा पदस्थापना भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | कल्पना दाहाल | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | लोक सेवा आयोग, पोखरा कार्यालय | २०८१।०१।१५ | २०८१।०१।२७ | |
| २ | खरिदार | दुर्गाबहादुर लिम्बु | मालपोत कार्यालय, भक्तपुर | लोक सेवा आयोग, जलेश्वर कार्यालय | २०८१।०२।०४ | २०८१।०२।०६ | |
| ३ | खरिदार | हेमन्तबहादुर शाही | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार | लोक सेवा आयोग, सुर्खेत कार्यालय | २०८०।१२।०४ | २०८१।०२।०६ | |
| ४ | खरिदार | सरोज पासवान | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार | लोक सेवा आयोग, इलाम कार्यालय | २०८०।१२।०४ | २०८१।०२।०६ | |
| ५ | नायब सुब्बा | आशिष घिमिरे | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार | लोक सेवा आयोग, खोटाङ कार्यालय | २०८१।०२।२५ | २०८१।०३।०९ | |
| ६ | नायब सुब्बा | जनकबहादुर शाही | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार | लोक सेवा आयोग, जुम्ला कार्यालय | २०८१।०३।०५ | २०८१।०३।११ | |

**(ख) आयोगबाट आयोग अन्तर्गत सरुवा तथा पदस्थापना**

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | साविक कार्यरत निकाय | सरूवा/पदस्थापना गरिएको निकाय | सरूवा/पदस्थापन निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नायब सुब्बा | रन्जन रेग्मी | बुटवल कार्यालय | केन्द्रीय कार्यालय | २०८१।०१।०२ | कामकाज |
| २ | नायब सुब्बा | चेतराज नेपाल | खोटाङ कार्यालय | बुटवल कार्यालय | २०८१।०१।१३ | कामकाज |
| ३ | नायब सुब्बा | प्रकाश पोखेल | दाङ कार्यालय | केन्द्रीय कार्यालय | २०८१।०१।१३ | कामकाज |
| ४ | नायब सुब्बा | प्रसाद पौडेल | जुम्ला कार्यालय | दाङ कार्यालय | २०८१।०२।०६ | कामकाज |
| ५ | नायब सुब्बा | बालाराम शर्मा | जलेश्वर कार्यालय | केन्द्रीय कार्यालय | २०८१।०३।०९ | कामकाज |
| ६ | नायब सुब्बा | गोपाल बराल | बागलुङ कार्यालय | केन्द्रीय कार्यालय | २०८१।०३।२१ | कामकाज |
| ७ | नायब सुब्बा | हरिप्रसाद पन्थी | धनकुटा कार्यालय | केन्द्रीय कार्यालय | २०८१।०३।२५ | कामकाज |

**(ग) आयोगबाट अन्यत्र निकायमा सरुवा**

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरूवा भएको निकाय | निर्णय मिति | रमाना मिति |
|---|---|---|---|---|---|
| १ | नायब सुब्बा | कुलराज पौडेल | गृह मन्त्रालय, सिंहदरबार | २०८१।०१।१० | २०८१।०१।१२ |
| २ | नायब सुब्बा | राजेन्द्र पौडेल | सघन शहरी तथा भवन निर्माण आयोजना, धादिङ | २०८१।०१।२६ | २०८१।०२।३० |

### (२) अनिवार्य/स्वेच्छिक अवकाश

| क्र.सं. | पद | श्रेणी | कर्मचारीको नाम, थर | अवकाश मिति | अवकाश भएको कार्यालय | अनिवार्य/स्वेच्छिक |
|---|---|---|---|---|---|---|
| १ | सहसचिव | राजपत्राङ्कित प्रथम | टामलाल पाण्डे | २०८१।०२।१२ | लोक सेवा आयोग, पोखरा कार्यालय | अनिवार्य |
| २ | सहसचिव | राजपत्राङ्कित प्रथम | अन्जन कुमार मिश्र | २०८१।०३।०४ | लोक सेवा आयोग, सुर्खेत कार्यालय | अनिवार्य |
| ३ | नायब सुब्बा | राजपत्र अनङ्कित प्रथम | ऋषिराम धिताल | २०८१।०३।१९ | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | अनिवार्य |
| ४ | शाखा अधिकृत | राजपत्राङ्कित तृतीय | भरत थापा | २०८१।०३।२२ | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | अनिवार्य |

### (३) पदोन्नति

| क्र.सं. | पद | पदोन्नति भएको पद | कर्मचरीको नाम, थर | निकाय | निर्णय मिति | रमाना मिति |
|---|---|---|---|---|---|---|
| १ | नायब सुब्बा | शाखा अधिकृत | भरत थापा | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | २०८१।०२।२४ | २०८१।०२।२४ |

### (४) तालिम/सेमिनार सम्बन्धी विवरण

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | तालिम/सेमिनारको विषय | तालिम दिने संस्था | तालिम अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | - | - | - | - | - | - |

### (५) पुरस्कार सम्बन्धी विवरण

| क्र.सं. | पद | श्रेणी | कर्मचारीको नाम, थर | कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | राजपत्राङ्कित तृतीय | भरत थापा | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | उत्कृष्ट कर्मचारी |
| २ | नायब सुब्बा | राजपत्र अनङ्कित प्रथम | ऋषिराम धिताल | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | उत्कृष्ट कर्मचारी |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहीन | सुरेश साह | लोक सेवा आयोग, जलेश्वर कार्यालय | उत्कृष्ट कर्मचारी |
| ४ | कम्प्युटर अपरेटर | राजपत्र अनङ्कित प्रथम | शान्तिमाया खतिवडा | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | विशिष्ट योगदान |

### (६) आयोगका पदाधिकारीका स्वेदश तथा विदेश भ्रमण

| क्र.सं. | पद | नाम, थर | तालिमको विषय | सहभागी भएको | निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | मा. अध्यक्ष | माधवप्रसाद रेग्मी | Strengthening the Capacity of Public Service Commission of Nepal | २०८०/२/१२ देखि २०८०/२/२१ | २०८०/१/२० |
| २ | मा. सदस्य | माधव बेल्वासे | | | |
| ३ | मा. सदस्य | वीरबहादुर राई | | | |
| ४ | मा. सदस्य | दिनेश सिलवाल | | | |
| ५ | मा. सदस्य | मन्जू कुमारी | | | |
| ६ | सचिव | राजकुमार श्रेष्ठ | | | |
| ७ | मुख्यमनोविज्ञानवेत्ता | डा. खगेन्द्रप्रसाद सुवेदी | | | |
| ८ | सहसचिव | गीताकुमारी होमेगाई | | | |
| ९ | सहसचिव | तेज प्रसाद दाहाल | | | |
| १० | व. मनोविज्ञानवेत्ता | सर्मुनलाल शाक्य | | | |

### (७) भौतिक कार्य सम्बन्धी प्रगति विवरण:

### (८) कर्मचारीलाई दिइएको अध्ययन र असाधारण बिदाको विवरण:

### (९) समवेदना:

## १७. बजेट खर्च

यस त्रैमासिक अवधिमा आयोगको कार्यसम्पादनका लागि भएको खर्चको अवस्था यस प्रकार रहेको छ।

| क्र.सं. | २०८१ वैशाख देखि असार मसान्त सम्मको खर्च | रकम (रु.) |
|---|---|---|
| १. | चालु खर्च | ४५४२८७५१०.१८ |
| २. | पुँजीगत खर्च | ३२२८३९२.०० |
| | **जम्मा खर्च** | ४५७५१५९०२.१८ |

## १८. अन्तर्वार्ता

**राजपत्रांकित प्रथम श्रेणी, सहसचिव वा सो सरह पदको प्रतिस्पर्धात्मक परीक्षामा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको खुला प्रतियोगितात्मक परीक्षाबाट प्रथम स्थानमा सिफारिस हुनुभएका उम्मेदवार श्री कृष्ण कुमारी श्रेष्ठसंग लिइएको अन्तर्वार्ताः**



१. **सर्वप्रथम त निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदमा खुला प्रतिस्पर्धाबाट छनौट हुनु भएकोमा तपाईंलाई हार्दिक बधाई छ । लोक सेवा आयोगले सञ्चालन गर्ने प्रतिस्पर्धात्मक परीक्षामा छनौट हुन पाठ्यक्रममा निर्दिष्ट गरिएका र अन्य सान्दर्भिक विषयवस्तुहरुको अध्ययन तथा तयारी कसरी गर्नुभएको थियो ?**

हार्दिक धन्यवाद । लोक सेवा आयोगले सञ्चालन गर्ने प्रतिस्पर्धात्मक परीक्षामा छनौट हुन पाठ्यक्रममा निर्दिष्ट गरिएका र अन्य सान्दर्भिक विषयवस्तुहरुको अध्ययन तथा तयारी विभिन्न तरिकाबाट गरें। शाखा अधिकृत पदको परीक्षा तयारी गर्दा मसँग पर्याप्त समय थियो। केही काम नगरी तयारी गरेको हुनाले धेरै नै पढ्ने र लेख्ने गरेको थिएँ। तयारी गर्दा भेट हुनु भएका साथीहरुसँग कहिलेकाहीँ छलफल हुन्थ्यो। धेरै समय एक्लै पढ्थें। उपसचिव तहको परीक्षा तयारी गर्दा माहोल फरक थियो। निजामती सेवाका बारेमा धेरै विषय जान्ने मौका पाएको थिएँ। धेरै जना साथीहरु हुनुहुन्थ्यो। बिहान, बेलुका छलफल गरेर पढ्ने र विश्लेषण गर्ने गर्थ्यौं। नियमित रुपमा अभ्यास परीक्षा दिएँ। त्यहाँबाट प्राप्त पृष्ठपोषणले परीक्षामा उत्तीर्ण हुन सजिलो भयो। सहसचिव पदको परीक्षाको तयारी भने कार्यालयको कामसँगसँगै गरें। पाठ्यक्रममा निर्दिष्ट गरिएका विषय वस्तु र अन्य सान्दर्भिक विषयवस्तुहरुको नियमित अध्ययन गर्ने, बुझ्ने र सम्झिने प्रयास गरें। तयारीका क्रममा अभ्यास परीक्षाले आत्मविश्वास बढायो भने विभिन्न समयमा सहभागी भएका कार्यक्रममा सुनेका कुराले विषयवस्तुप्रतिको बुझाइ र विश्लेषण गर्नलाई सहज बनाएको मेरो अनुभव छ।

२. **तपाईको अनुभवमा परीक्षाको समयमा प्रश्नहरुको उत्तर कसरी लेख्न उपयुक्त हुन्छ ? आफ्नो अनुभवको आधारमा लोक सेवा आयोगको तयारीमा रहेका उम्मेदवारहरुलाई के सुझाव दिनुहुन्छ ?**

परीक्षाको तयारी गर्दा नै विषयवस्तुप्रतिको बुझाइमा स्पष्ट हुनुपर्छ। प्रश्नले मागेको विषयवस्तुलाई ध्यान दिएर बुझ्नुपर्छ। प्रश्नको उत्तर लेख्दा सुरुआत अनुच्छेदमा र सम्बोधन गर्नु पर्ने विषय बुँदागत रुपमा लेख्दा विभिन्न आयामबाट उत्तर समेटिने र समय व्यवस्थापन गर्न पनि सजिलो हुन्छ।

३. **प्रतिस्पर्धात्मक परीक्षामा तपाईंले आफूलाई सबैभन्दा अब्बल सावित गर्नका लागि गर्नुभएका प्रयासहरुको बारेमा छोटो जानकारी दिनुहोस् । तपाईंलाई यस प्रकारको सफलता प्राप्त गर्न के-कस्ता कुराहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ? यस सम्बन्धमा केही बताइदिनुहुन्छ कि ?**

लोक सेवा आयोगको तयारी गर्ने सबैको आ-आफ्नै तरिका हुन्छ। एउटा मात्र शैली हुँदैन। मेरो पढाइ सोझो हिसाबले भन्दा घोक्ने वा रट्ने नै हो । लेखेर पढ्ने गर्छु। कुनै एउटा विषयमा सरर्र लेख्न सक्ने नहुँदासम्म लेखिरहन्छु। यसले गर्दा पढाई दिगो र एकपटक सम्झिएपछि धेरै समयसम्म सम्झिन सजिलो हुन्छ।

त्यसैगरी नियमित रुपमा तयारी परीक्षा पनि दिइरह्यो भने आफ्नो अवस्था थाहा हुन्छ। प्राप्त पृष्ठपोषणले आफूलाई सुधार गर्ने मौका मिल्छ। त्यसैले निरन्तरको अध्ययन र अभ्यासले नै परीक्षामा सफलता हासिल गर्न सकिन्छ भन्ने लाग्छ।

४. **सार्वजनिक सेवा प्रवाह निष्पक्ष र जनकेन्द्रित हुन सकेको छैन भन्ने जनगुनासो सुनिने गरेको छ । सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन विद्यमान कार्यप्रणाली र व्यवहारमा कस्तो सुधार गर्नुपर्ने सुझाव दिनुहुन्छ ?**
सार्वजनिक सेवा प्रवाह निष्पक्ष र जनकेन्द्रित हुन सकेको छैन भन्ने जनगुनासो सुनिने गरेको छ। नागरिकमा आएको चेतना, बढ्दो जनआकांक्षा, सूचनामा सहज पहुँच र गुनासो राख्न पाउने व्यवस्था भएको कारणले पनि गुनासो अलि बढी सुनिने गरेको छ। सूचना प्रविधिको प्रयोगमा बढोत्तरी र सेवा प्रदायकको व्यवहारमा सेवाभावको भावनासहितको व्यवहार देखाउन सकियो भने जनताको गुनासो केही कम गर्न सकिन्छ कि।

५. **रोजगार बजारमा रहेका अब्बल जनशक्तिलाई सार्वजनिक सेवातर्फ आकर्षित गर्न के-कस्ता कदमहरू चाल्न उपयुक्त हुने देख्नुहुन्छ ?**
सर्वप्रथम देशमै बस्छु भन्ने भावना जगाउनु आवश्यक छ। त्यसपछि सार्वजनिक सेवातर्फ आकर्षित गर्न उनीहरुलाई जानकारी गराउनु पर्छ। सेवा प्रवेशको लागि हौसला दिने, सेवा प्रवेशपछि नियुक्ति, पदस्थापन र विभिन्न अवसरमा न्यायोचित वितरण गर्न सक्नुपर्छ।

६. **राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदको विद्यमान पाठ्यक्रममा केही सुधार गर्नुपर्ने देख्नु भएको छ कि ?**
अहिले सुधार गर्नु पर्ने देखेको छैन।

७. **छनौट प्रणालीलाई विश्वसनीय तुल्याउन र वैज्ञानिक बनाउन तथा लोक सेवा आयोगप्रतिको भरोसालाई अझ वृद्धि गर्न के-कस्ता कुरामा थप सुधार गर्नुपर्ने देख्नुहुन्छ ? सुझाव दिनुहोस् ।**
लोक सेवा आयोगको विद्यमान परीक्षा प्रणालीले निष्पक्षतालाई अझ बढी जोड दिएको छ। मूल्याङ्कन प्रणालीमा कमजोरी नहोस् भनेर एउटा उत्तरपुस्तिका दुई परीक्षकबाट परीक्षण गराउने, जवाफदेहिता, नैतिकता र व्यवसायिक मूल्यहरुको मूल्याङ्कन गर्ने गरेको छ। प्राप्ताङ्क हेर्न मिल्ने व्यवस्थाले पारदर्शिता कायम गरेको छ। यसबाट लोक सेवा आयोगप्रति मजस्ता सर्वसाधारण जनताको विश्वास र भरोसा बढेको छ। त्यसैले सुधार गरिहाल्नु पर्ने विषय केही पाएको छैन।

**राजपत्रांकित द्वितीय श्रेणी, उपसचिव पदको प्रतिस्पर्धात्मक परीक्षामा नेपाल परराष्ट्र सेवातर्फ आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट सिफारिस हुनुभएका उम्मेदवार श्री विवेक रिजालसंग लिइएको अन्तर्वार्ताः**



१. **सर्वप्रथम त निजामती सेवाको राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव पदमा आन्तरिक प्रतिस्पर्धाबाट छनौट हुनु भएकोमा तपाईंलाई हार्दिक बधाई छ । लोक सेवा आयोगले संचालन गर्ने प्रतिस्पर्धात्मक परीक्षामा छनौट हुन पाठ्यक्रममा निर्दिष्ट गरिएका र अन्य सान्दर्भिक विषयवस्तुहरुको अध्ययन तथा तयारी कसरी गर्नुभएको थियो ?**

धन्यवाद। प्रतिस्पर्धात्मक परीक्षाका लागि मैले सर्वप्रथम बजारमा उपलब्ध रहेका केही पुस्तक ल्याई प्रारम्भिक अध्ययन गरे। पाठ्यक्रमको Content बारे प्राथमिक धारणा निर्माण गरेपछि आफूलाई कठिन महशुस भएका विषयहरुबारे थप अध्ययन गर्न सो सम्बन्धी विषयविज्ञहरुले लेख्नुभएका लेख रचनाहरु खोजेर अध्ययन गरे। नीति अनुसन्धान प्रतिष्ठान, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, महालेखापरीक्षकको कार्यालय, नेपाल राष्ट्र बैंक लगायतका निकायहरुको प्रतिवेदन तथा विशेष प्रकाशनहरुको अध्ययनलाई प्राथामिकता दिएँ। त्यस्तै, सार्वजनिक प्रशासन तथा वित्तीय संघीयताका विषयमा केही विदेशी लेखकका पुस्तकहरु पनि पढें। पाठ्यक्रम सम्बद्ध मामिलामा विदेशी अभ्यासहरु (Best Practices) के-के छन् भनी जान्नका लागि अन्तर्राष्ट्रिय संघ-संस्थाका प्रकाशन तथा प्रतिवेदनहरु पनि सम्भव भएसम्म खोजेर अध्ययन गरें। यसका साथै, पत्रपत्रिका तथा सामाजिक सञ्जालमा प्रकाशन हुने लेख रचना तथा विचारहरु पनि सकेसम्म Follow गरेको थिएँ ।

२. **तपाईको अनुभवमा परीक्षाको समयमा प्रश्नहरुको उत्तर कसरी लेख्न उपयुक्त हुन्छ ? आफ्नो अनुभवको आधारमा लोक सेवा आयोगको तयारीमा रहेका उम्मेदवारहरुलाई के सुझाव दिनुहुन्छ ?**

परीक्षाको समयमा प्रश्नहरुको उत्तर लेख्दा सर्वप्रथम प्रश्नले के कुरा खोजेको हो सोबारे स्पष्ट हुनुपर्दछ। प्रश्न मनन नगरी उत्तर लेख्नु हुँदैन। प्रश्न के हो ? बुझ्ने (Thinking), सोसँग कुन कुन विषय जोडिन आउँछ ठम्याउने (Linking) र लेख्ने (Inking) गरी उत्तरका तीन चरण हुन्छन् भनिन्छ। उत्तर लेख्दा अङ्कभारलाई विशेष ध्यान दिनुपर्दछ। प्रश्नमा उठाईएको मामिलाभन्दा मामिलाको कुन पक्षसँग प्रश्न जोडिएको छ सो पत्ता लगाई जवाफ उठान गर्नुपर्दछ। प्रश्नसँग उत्तरको सङ्गति मिलाई जवाफ लेख्नुपर्दछ। उत्तर लेख्दा कुनै प्रश्नलाई निर्दिष्ट समय भन्दा बढी लेख्नुहुन्न । उत्तरको रुपमा लेखिएका विषयले दोहोरो अर्थ दिनुहुँदैन। सकेसम्म तथ्याङ्क, उदाहरण, अन्य राष्ट्रहरुको अभ्यास, चित्रहरु, Flow Chart, Vein Diagram हरु आदि समावेश गरी उत्तरलाई भिन्न बनाउनुपर्दछ। उत्तरलाई निश्चित ढाँचामा प्रस्तुत गरी निष्कर्षसम्म पुऱ्याउनुपर्दछ। उत्तरमा Context लाई उजागर गरिएको हुनुपर्दछ, Content मा पर्याप्तता हुनुपर्दछ, Communication मा Clarity र Creativity झल्किएको हुनुपर्दछ तथा Positive Tone मा Conclude भएको हुनुपर्दछ। यसर्थ, उत्तर लेख्दा Context, Content, Communication, Creativity र Conclusion लाई विशेष ध्यान दिनुपर्दछ।

३. **प्रतिस्पर्धात्मक परीक्षामा तपाईंले आफूलाई सबैभन्दा अब्बल सावित गर्नका लागि गर्नुभएका प्रयासहरुको बारेमा छोटो जानकारी दिनुहोस् । तपाईंलाई यस प्रकारको सफलता प्राप्त गर्न के-कस्ता कुराहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ? यस सम्वन्धमा केही बताईदिनुहुन्छ कि ?**

प्रतिस्पर्धात्मक परीक्षामा सफल हुनका लागि हामीले आफ्नो उत्तरलाई अरुको भन्दा केही पृथक बनाउनु पर्दछ भन्ने मलाई लाग्दछ । बजारमा पाईने सबै पुस्तकहरुमा उस्तै प्रकृतिको विषयवस्तु समावेश हुने भएकाले तयारीको चरणबाटै केही फरक अभ्यास गर्नु जरुरी छ । मैले अध्ययनका क्रममा माथि भनिए जस्तै विभिन्न निकायका वार्षिक प्रतिवेदनहरु, विशेष प्रकाशनहरु, विभिन्न कार्यदल तथा समितिका अध्ययन / सुझावहरु तथा विषयविज्ञले लेख्नुभएका लेख/रचनाहरु पढ्नमा बढी समय व्यतित गरेको थिएँ । आयोगले गत वर्षहरुमा सोधेका प्रश्नहरुको प्रकृति समेतलाई विचार गरी नेपाल सरकारबाट तयार भई प्रकाशित भएका आधिकारिक सामग्रीहरु जस्तै योजना, नीति, बजेट, कार्ययोजना, सोचपत्र, श्वेतपत्र, मार्गचित्र आदिको मस्यौदा एवं ढाँचा, लेखन शैली, भाषिक संयोजन तथा त्यसमा समेटिने विषयवस्तुबारे विशेष अध्ययन गरेको थिएँ । हाम्रा Policy/ Statute/ Institution / Work Culture/ Human Resource / IT आदिको Gap Analysis लाई प्राथामिकता दिएको थिएँ ।समय व्यवस्थापन तथा लेखनसीपको विकासका लागि निरन्तर Mock Test हरु पनि दिने गरेको थिएँ । पुराना प्रश्नहरु समाधान गरी अग्रज व्यक्तित्त्वहरुसँग सुझाव लिने काम पनि गरेको थिँए । साथै, सम्भव भएसम्म पुराना उत्तीर्ण भएका व्यक्तिहरुले लेख्नुभएका नमुना प्रश्नोत्तर खोजी हेरी आफ्नो लेखाईमा रहेका त्रुटीहरुलाई सुधार गर्ने प्रयासहरु समेत गरेको थिएँ ।

पाठ्यक्रम केन्द्रित अध्ययनबाट मात्र लोक सेवा आयोगको परीक्षा उत्तीर्ण गर्न कठिन हुन्छ। यसका लागि निरन्तर अध्ययनको जरुरी छ। मेरो सफलतामा मेरो मेहनत सँगसँगै मेरो Academic तथा Professional Life को पनि महत्वपूर्ण भूमिका रहेको छ । म आफु विज्ञानको विद्यार्थी भएता पनि मैले Public Administration/ Political Science/ Law/ Economics लगायतका विषयहरु अध्ययन गरेको छु। लोक सेवा आयोगको पाठ्यक्रमका कतिपय पाठहरु यी विषय अध्ययन गर्दा दोहोऱ्याई तेहऱ्याई पढ्न पाईन्छ। Professional Career तर्फ पनि मैले केही विशिष्ट प्रकृतिका कार्यालयहरुमा रही काम गर्ने मौका पाएको छु। मैले निजामती सेवाको सुरुवाती दिनहरु न्याय सेवामा बिताएका कारण कानूनी विषयमा मेरो सधैं रुची रहँदै आयो। शाखा अधिकृतको रुपमा मैले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय, भन्सार विभाग लगायतका निकायमा रहेर काम गरें।यी कार्यालयमा रहेर काम गर्दा मलाई मुलुकको वित्तीय संघीयता, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह तथा वैदेशिक व्यापार क्षेत्रका मुख्य मुद्दाहरु नजिकबाट नियाल्ने अवसर मिल्यो । पछिल्लो समय लोक सेवा आयोगको परीक्षामा सोधिने प्रश्नहरु मूख्यतः यीनै विषयमा केन्द्रित छन् । यसरी शासन व्यवस्थाका मुख्य मुख्य मामिलासँग प्रत्यक्ष रुपमा जोडिएर कामकाज गर्न पाउनुले पनि मलाई थप लाभान्वित बनायो र यी कार्यानुभवलाई मैले लोक सेवा आयोगको परीक्षासम्म उपयोग गर्न पाएँ भन्ने मलाई लाग्दछ।यसर्थ मेरो सफलता मेरो मेहनत, शैक्षिक पृष्ठभूमि तथा कार्यानुभवको सम्मिश्रण हो।

४. **सार्वजनिक सेवा प्रवाह निष्पक्ष र जनकेन्द्रित हुन सकेको छैन भन्ने जनगुनासो सुनिने पनि गरेको छ । सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन विद्यमान कार्यप्रणाली र व्यवहारमा कस्तो सुधार गर्नुपर्ने सुझाव दिनुहुन्छ ?**

नेपालमा सार्वजनिक सेवा प्रवाहलाई निष्पक्ष र जनकेन्द्रित बनाउन निरन्तर प्रयास गरिए पनि जनअपेक्षानुसार सुधार गर्न नसकिएको आरोप भने लागिरहकै छ। यसो हुनुमा तीनवटा विषय जिम्मेवार छन्। कि त हामीले हाम्रो सार्वजनिक सेवा प्रवाहमा रहेका मूल समस्या उपर खुलेर बहस गर्न सकेका छैनौं। कि त हामीले हाम्रो सन्दर्भमा उपयुक्त (Fit) नहुने खालका सुधारको उपाय (Bandwagon Effect) समातिरहेका छौं। कि त हामी हाम्रा सुधारका Agenda कार्यान्वयनमा प्रतिवद्ध छैनौं । क्षतिपूर्तिसहितको नागरिकबडापत्र, कार्यसम्पादन सम्झौता तथा मूल्याङ्कन, एकल विन्दु सेवा, बिचौलियाहरुको व्यवस्थापन, सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयन, ICT को प्रयोग आदि जस्ता सुधारका Agenda कार्यान्वयनमा हामीले देखाएको दोहोरो चरित्रले यो विषयलाई थप उजागर गर्दछ।

उल्लिखित पृष्ठभूमि समेतको आधारमा सार्वजनिक सेवा प्रवाहलाई निष्पक्ष र जनकेन्द्रित बनाउन सेवा प्रवाहचक्र (Public Service Delivery Cycle) को हरेक तहमा नागरिक संलग्नतालाई बढाउनुपर्दछ। सेवा प्रवाहको प्रक्रियागत पक्षहरुलाई सरलीकृत गर्नुपर्दछ, IT को प्रयोगलाई बढाउनुपर्दछ, सूचनाको हकको पूर्ण कार्यान्वयनमा जोड दिनुपर्दछ, क्षतिपूर्तिसहितको नागरिक बडापत्रको कार्यान्वयनलाई विस्तार गर्नुपर्दछ, गुनासो सुन्ने संयन्त्रलाई प्रभावकारी बनाउनुपर्दछ एवं सेवा प्रवाह संयन्त्रको उपयुक्तताबारे निष्पक्ष मूल्याङ्कन गरी निरन्तर सुधार गर्दै जानुपर्दछ। एकल विन्दु सेवा, घुम्ती सेवा तथा एकीकृत सेवा केन्द्र जस्ता विश्वव्यापीरुपमा रुचाईएका सेवा प्रवाहका मोडलहरुलाई प्रवर्द्धन गर्दै थप व्यवस्थित गर्नुपर्दछ। उपभोक्ताको हित संरक्षणलाई पनि विशेष ध्यान दिनुपर्दछ। सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई ,सार्वजनिक परीक्षण, Public Rating/ Citizen Rating Card जस्ता सार्वजनिक सेवा प्रवाहका जनकेन्द्रित मूल्याङ्कन विधिको प्रयोगलाई बढावा दिई सेवाको गुणस्तरमा निरन्तर सुधार गर्दै लैजानुपर्दछ र E-Governance तर्फ अग्रसर हुनुपर्दछ। सार्वजनिक पदको सबै क्षेत्रहरुलाई समेट्ने गरी Code of Ethics र Conflict of Interest सम्बन्धी कानून निर्माण गरी कार्यान्वयनमा ल्याई सबै सार्वजनिक अधिकारीहरुको आचरण र व्यवहारहरुको नियमन गर्नुपर्दछ।

५. **रोजगार बजारमा रहेका अब्बल जनशक्तिलाई सार्वजनिक सेवातर्फ आकर्षित गर्न के-कस्ता कदमहरू चाल्न उपयुक्त हुने देख्नुहुन्छ ?**

रोजगार बजारमा रहेका अब्बल जनशक्ति सधैं Opportunity Cost हेरेर बसिरहेको हुन्छ। यसकारण वर्तमान सेवा सुविधाकै आधारमा सार्वजनिक सेवातर्फ त्यस किसिमको जनशक्ति आकर्षित गर्न अलिक कठिन नै होला । तर पनि केही फरक अभ्यास गरेर हेर्न सकिन्छ। जस्तैः Positive Recruitment लाई केही पदहरुमा Piloting गर्न सकिन्छ। लक्षित जनशक्तिलाई अनुकुलित हुने गरी योग्यताका शर्तहरु परिमार्जन गर्न सकिन्छ। सम्भव भएसम्म मौद्रिक नभए पनि गैर मौद्रिक सेवा, सुविधाहरु विस्तार गरी सार्वजनिक सेवालाई थप आकर्षक बनाउन सकिन्छ। पाठ्यक्रमलाई सामयिक र थप व्यवहारिक बनाउन सकिन्छ। लिखित परीक्षाका अलावा विश्वमा प्रचलित अन्य मूल्याङ्कन प्रणाली जस्तैः situational judgment, performance test आदिको पनि प्रयोग गर्न सकिन्छ।

तर, दीर्घकालीन रुपमा हेर्दा भने राज्यले आफुले लगानी गरेको जनशक्ति मुलुकभित्रै उपभोग गर्ने गरी मानव संसाधन विकास तथा उपयोग योजना तय गर्नुपर्दछ र अब्बल जनशक्तिलाई सार्वजनिक सेवामा भित्र्याउन छुट्टै अभियाननै चलाउनुपर्दछ। होईन भने हामीले आधारभूत तहमा लगानी गरेको जनशक्ति अत्यन्त आकर्षित भई सार्वजनिक सेवा मात्र नभएर समग्र विकासको चक्र समेत प्रभावित हुने जोखिम रहन्छ।

६. **राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव पदको विद्यमान पाठ्यक्रममा केही सुधार गर्नुपर्ने देखु भएको छ कि ?**

उपसचिव पदको वर्तमान पाठ्यक्रममध्ये प्रथम तथा द्वितीय विषयको पाठ्क्रमले शासकीय मामिला तथा सेवा/ विकास प्रवाहको सबै क्षेत्रहरु समावेश गरिएको छ। यी मुद्दाहरु नबुझिकन Middle Level Manager (उपसचिवको रुपमा ) को भूमिका निर्वाह गर्न कठिन हुने भएकाले पाठ्यक्रम सान्दर्भिक नै छन् जस्तो लाग्छ। तर, द्रोस्रो चरणको In-Basket Exercise Test को परीक्षामा भने Marks Variation धेरै हुन गई अन्तिम मूल्याङ्कनमा अनपेक्षित फेरबदल हुनसक्ने ठाउँ देखिन्छ। अन्तिम नतिजाका लागि प्रथम र द्वितीय पत्रको २०० अङ्कको सट्टा In-Basket Exercise Test को २० अङ्क बढी निर्णायक हुने अवस्था आएमा परीक्षार्थीहरुको उत्प्रेरणामा नकरात्मक असर पर्न सक्दछ। यसर्थ, In- Basket Exercise Test को माध्यमबाट हुनसक्ने Variation लाई जतिसक्दो न्यून बनाउनुपर्दछ भन्ने मलाई लाग्दछ। यसको अर्थ In-Basket Test हटाउनुपर्दछ भन्ने होईन ।

७. **छनौट प्रणालीलाई विश्वसनीय तुल्याउन र वैज्ञानिक बनाउन तथा लोक सेवा आयोगप्रतिको भरोसालाई अझ वृद्धि गर्न के-कस्ता कुरामा थप सुधार गर्नुपर्ने देखुहुन्छ ? सुझाव दिनुहोस् ।**

छनोट प्रणालीलाई विश्वसनीय तुल्याउन र वैज्ञानिक बनाउन सर्वप्रथम रिक्त पदको अभिलेख व्यवस्थापनलाई व्यवस्थित तुल्याउनुपर्दछ। विज्ञापन भईसकेका पदहरु उपर मुद्दा मामिला पर्नु, विवाद सिर्जना हुनु उपयुक्त हुँदैन। पाठ्यक्रमहरुलाई सामयिक परिवर्तन गर्दै व्यवहारिक बनाउँदै लैजानुपर्दछ। राजपत्राङ्कित माथिल्लो पदहरुमा आन्तरिक प्रतियोगिताको योग्यताका शर्तहरु फरक बनाई एउटै समूहको वृत्तिपथमा परीक्षा दिने व्यवस्था गर्नुपर्दछ। यसो गर्दा कर्मचारीहरुको कार्यानुभव र कार्य विशिष्टिकरणको उचित उपयोग हुन्छ। आरक्षणको उपयोगलाई व्यवस्थित गर्नुपर्दछ। कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाई छनोट प्रणालीसँग प्रत्यक्षरुपमा जोड्नुपर्दछ। विभिन्न सेवा, समूहको गठन, श्रेणी विभाजन र नियुक्ति सम्बन्धी नियमहरु समयमै परिमार्जन गरिनुपर्दछ। छनोट प्रणालीबाट आएका जनशक्तिहरुको उपयोगिताबारे अध्ययन गरिनुपर्दछ। छनोट प्रणालीको औचित्यताबारे आवधिक मूल्याङ्कन गरी सुधार गर्दै लैजानुपर्दछ।

हालको समयमा पनि लोक सेवा आयोग आम जनताले धेरै नै विश्वास गरेको संस्था हो। यस किसिमको जनविश्वास तथा भरोसालाई वृद्धि गर्न केही सुधारका काम गर्नुपर्ने देखिन्छ। आयोगलाई वित्तीय तथा प्रशासनिक रुपमा केही बढी स्वायत्त बनाउन सकिन्छ। आयोगको भौतिक संरचना तथा जनशक्ति विकासमा विशेष जोड दिनुपर्दछ। प्रादेशिक कार्यालयहरुलाई क्षमतायुक्त बनाईनुपर्दछ। भर्ना तथा छनोट प्रक्रियालाई थप समावेशी बनाईनुपर्दछ। आयोगले आफूले प्रकाशन गरेको वार्षिक क्यालेन्डर अनुसारकै समयमा नतिजा प्रकाशन गर्नसक्नुपर्दछ । कर्मचारी प्रशासन सम्बन्धमा आयोगले दिएका सुझावहरु निशर्त कार्यान्वयन हुनुपर्दछ। आयोगले आफ्नो Code of Conduct लाई सामयिक बनाई त्यस्को परिपालनाको नियमित अनुगमन समेत गर्नुपर्दछ।

# १९. स्वतः प्रकाशन (Proactive Disclosure)

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने स्वतः प्रकाशन (Proactive Disclosure) सम्बन्धी विवरण ।

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th colspan="4">व्यवस्था</th></tr>
<tr><td>१.</td><td>निकायको स्वरूप र प्रकृति</td><td colspan="4">संवैधानिक निकाय</td></tr>
<tr><td>२.</td><td>निकायको काम, कर्तव्य र अधिकार</td><td colspan="4">नेपालको संविधानको धारा २४३ मा व्यवस्था भए बमोजिम ।</td></tr>
<tr><td>३.</td><td>निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण</td><td colspan="4">विभिन्न पदका ३९९ जना (राजपत्रांकित श्रेणीतर्फ १३२, राजपत्र अनंकित श्रेणीतर्फ १६१ र श्रेणी विहीनतर्फ १०६),कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।</td></tr>
<tr><td>४.</td><td>निकायबाट प्रदान गरिने सेवा</td><td colspan="4">माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौट तथा सिफारिस, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु<br>(नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, उजुरी उपर टुंगो लगाउने आदि ।</td></tr>
<tr><td rowspan="21">५.</td><td rowspan="21">सेवा प्रदान गर्ने निकायको महाशाखा एवं शाखा र जिम्मेवार अधिकारी</td><td>क्र. सं.</td><td>महाशाखा र महाशाखा प्रमुखको नाम</td><td>शाखाहरुको नाम</td><td>शाखा प्रमुखहरुको नाम (उपसचिव)</td></tr>
<tr><td rowspan="4">१.</td><td rowspan="4">प्रशासन तथा निरीक्षण महाशाखा<br>सहसचिव<br>गीता कुमारी होमेगाई</td><td>क) सूचना तथा प्रकाशन शाखा</td><td>एकनारायण शर्मा</td></tr>
<tr><td>ख) प्रशासन शाखा</td><td>चुरामणी मरासिनी</td></tr>
<tr><td>ग) आर्थिक प्रशासन शाखा</td><td>विष्णुहरि बराल</td></tr>
<tr><td>घ) सूचना सञ्चार प्रविधि शाखा</td><td>डा. रामगोविन्द अर्याल</td></tr>
<tr><td rowspan="3">२.</td><td rowspan="3">अन्तर्वार्ता तथा सिफारिस महाशाखा<br>सहसचिव<br>शिवराम न्यौपाने</td><td>क) प्रश्नपत्र परिमार्जन शाखा</td><td>राजन राई</td></tr>
<tr><td>ख) अन्तर्वार्ता तथा सिफारिश शाखा</td><td>कुमारप्रसाद कोइराला</td></tr>
<tr><td>ग) प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा संगठित संस्था)</td><td>वीरेन्द्र बहादुर स्वाँर</td></tr>
<tr><td rowspan="4">३.</td><td rowspan="4">परीक्षा महाशाखा<br>सहसचिव<br>डा.मुक्तिप्रसाद पाण्डे</td><td>क) परीक्षा सञ्चालन शाखा</td><td>पवनकुमार तिमल्सिना</td></tr>
<tr><td>ख) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक)</td><td>दुर्गाप्रसाद पराजुली</td></tr>
<tr><td>ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक)</td><td>दिपक खड्का</td></tr>
<tr><td>घ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा</td><td>उमेशकुमार पोखरेल</td></tr>
<tr><td rowspan="3">४.</td><td rowspan="3">परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा<br>डा.खगेन्द्र प्रसाद सुवेदी</td><td>क) परीक्षण प्रविधि शाखा</td><td>सर्मुनलाल शाक्य</td></tr>
<tr><td>ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा</td><td>कृष्ण जि.सी.</td></tr>
<tr><td>ग) अनुसन्धान तथा विकास शाखा</td><td>अर्जुनप्रसाद रेग्मी</td></tr>
<tr><td rowspan="2">५.</td><td rowspan="2">कानून महाशाखा<br>सहसचिव<br>पुष्कर सापकोटा</td><td>क) नीति नियम तथा अभिलेख शाखा</td><td>कृष्णप्रसाद आचार्य</td></tr>
<tr><td>ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा</td><td>सन्तोषप्रसाद तिमल्सिना</td></tr>
<tr><td rowspan="3">६.</td><td rowspan="3">सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा<br>यज्ञराज ढुङ्गेल</td><td>क) लिखित परीक्षा सञ्चालन शाखा</td><td>युवराज पोखरेल</td></tr>
<tr><td>ख) लिखित परीक्षा नतिजा तयारी शाखा</td><td>निरञ्जन श्रेष्ठ</td></tr>
<tr><td>ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा</td><td>कूलप्रसाद सापकोटा</td></tr>
<tr><td>६.</td><td>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि</td><td colspan="4">कामको प्रकृति अनुसार फरक फरक हुने । (आयोगको नागरिक वडापत्रमा उल्लेख गरिएको)</td></tr>
<tr><td>७.</td><td>निर्णय गर्ने प्रक्रिया र अधिकारी</td><td colspan="4">छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक वडापत्रमा उल्लेख गरिएको)</td></tr>
</table>

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार सहसचिवहरु, सचिव, आयोगका माननीय सदस्यहरु, माननीय अध्यक्ष, सम्बन्धित अदालतहरु । |
| ९. | सम्पादन गरेको कामको विवरण | माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उमेदवारको छनौट तथा सिफारिश, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्तहरुको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि । |
| १०. | प्रमुख सूचना अधिकारीको नाम र थर | सचिव राजकुमार श्रेष्ठ<br>प्रवक्ता गीताकुमारी होमेगाईं (सहसचिव)<br>सूचना अधिकारी एकनारायण शर्मा (उपसचिव) |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | • नेपालको संविधान<br>• लोक सेवा आयोग ऐन, २०७९ तथा लोक सेवा आयोग नियमावली, २०७९<br>• निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>• नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>• संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा संघीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>• राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२<br>• संगठित संस्थाका कर्मचारीका सेवा, शर्त सम्बन्धी कानुन, बढुवा र विभागीय कारवाही सम्बन्धी कानूनी सिद्धान्त, २०७४<br>• सुरक्षा निकाय, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाका पदपूर्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धी मापदण्ड, २०७९<br>• विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>• सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा संगठित संस्थाहरु सम्बन्धी ऐन, नियमावलीहरु<br>• लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९<br>• लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०<br>• लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचार संहिता, २०६९<br>• लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>• सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>• लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>• अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासन सम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण | website: www.psc.gov.np<br>email: info@psc.gov.np |
| (ख) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेवसाइट www.psc.gov.np<br>हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (आवश्यकता अनुसार अन्य बारहरुमा पनि)<br>आयोगबाट साप्ताहिक रुपमा प्रकाशन हुने बुलेटिन (सूचनापत्र),<br>आयोगबाट त्रैमासिक रुपमा प्रकाशन हुने समाचारपत्र,<br>निजामती सेवा पत्रिका (प्रत्येक ६/६ महिनामा वा आवश्यक्यता अनुसार संयुक्त अंकको रुपमा वार्षिक रुपमासमेत),<br>लोक सेवा आयोगको प्रतिवेदन (वार्षिक रुपमा)<br>रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

**लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण**

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. | मोबाइल नं. |
|---|---|---|---|---|
| १. | धनकुटा कार्यालय | शाखा अधिकृत, विदुर गौतम | ०२६-५२२१५१ | ९८५२६२९८०३ |
| २. | जलेश्वर कार्यालय | शाखा अधिकृत, भीषम राई | ०४४-५२०१४७ | ९७४४३६३९६७ |
| ३. | काठमाडौं कार्यालय | शाखा अधिकृत, पुष्पराज खनाल | ०१-४११५८३३ | ९८५११५७४१७ |
| ४. | पोखरा कार्यालय | शाखा अधिकृत, विष्णु प्रसाद भट्टराई | ०६१-४५३५०६ | ९८५६०८५१४५ |
| ५. | बुटवल कार्यालय | शाखा अधिकृत, हर्क बहादुर रोका | ०७१-५४०२०७ | ९८५६०१०७४४ |
| ६. | सुर्खेत कार्यालय | शाखा अधिकृत, हरिश चन्द जोशी | ०८३-५२०१०६ | ९८५८७५२८४४ |
| ७. | दिपायल कार्यालय | शाखा अधिकृत, कृष्ण बस्याल | ०९४-४४०१४७ | ९८५११६६६७२ |
| ८. | इलाम कार्यालय | शाखा अधिकृत, छविलाल श्रेष्ठ | ०२७-५२००६२ | ९८५२६३८६२९ |
| ९. | खोटाङ कार्यालय | शाखा अधिकृत, गोपाल शर्मा | ०३६-४२०१७७ | ९८५१२०००४८ |
| १०. | हेटौंडा कार्यालय | शाखा अधिकृत, बद्रीनाथ सापकोटा | ०५७-५२०३०२ | ९८५५०७९७११ |
| ११. | बागलुङ कार्यालय | शाखा अधिकृत, खड्क बहादुर रोकाया | ०६८-५२२६४७ | ९८५७६२४१४७ |
| १२. | दाङ कार्यालय | शाखा अधिकृत, बासुदेव भण्डारी | ०८२-५२००१३ | ९८६८४२५९४२ |
| १३. | जुम्ला कार्यालय | शाखा अधिकृत, घाडरी लामा | ०८७-५२०००८ | ९८४३२४१३८९ |
| १४. | महेन्द्रनगर कार्यालय | शाखा अधिकृत, भरत खनाल | ०९९-५२१२०९ | ९८४९५०७८९१ |
| १५. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | शाखा अधिकृत, मनोज कुमार पोखरेल | ०१-४७७१२१४ | ९८५११०८३७८ |

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण।**

| क्र.सं. | सूचना माग कर्ताको नाम र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| १. | पुरुषोत्तम ढुंगेल रानीवन-२, ओखलढुङ्गा | शाखा अधिकृत पदको एकमुष्ठ योग्यताक्रम उपलब्ध गराईपाउँ । | २०८१/१/२१ | माग भए बमोजिमको पत्र उपलब्ध गराइएको । |

# लोक सेवा आयोग
## आ.व. २०८०/०८१ को पदपूर्ति सम्बन्धी
## वार्षिक कार्यतालिका - १
### (निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, व्यवस्थापिका संसद सेवा तथा राष्ट्रिय मानव अधिकार सेवाका विभिन्न पदहरु)

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | राजपत्रांकित प्रथम श्रेणी (प्राविधिक र अप्राविधिक) तथा अधिकृत प्रथम+ | खुला, आ.प्र | भदौ/असोज | असोज अन्तिम बुधबार | मंसीर | पुस/माघ | फागुन/चैत्र |
| | | बढुवा | | | | | |
| ३. | राजपत्रांकित द्वितीय श्रेणी (प्राविधिक र अप्राविधिक) तथा अधिकृत द्वितीय+ | खुला, आ.प्र. | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत्र/वैशाख |
| | | बढुवा | | | | | |
| ४. | स्वास्थ्य सेवा, एघारौं र नवौं तह | खुला, आ.प्र. | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत्र/वैशाख |
| | | बढुवा | | | | | |
| ५. | राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) | खुला, आ.प्र.* | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | बढुवा | | | | | |
| ६. | स्वास्थ्य सेवा, आठौं तह | खुला | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| ७. | स्वास्थ्य सेवा, सातौं तह | खुला, आ.प्र. | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | | बढुवा | | | | | |
| ८. | राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) तथा अधिकृत तृतीय+ | खुला - प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधबार | माघ | फागुन | |
| | | खुला - द्वितीय चरण | | | चैत्र | जेठ | साउन/भदौ |
| | | आ.प्र.* | | | चैत्र | जेठ | साउन/भदौ |
| | | बढुवा | | | | | |
| ९. | राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक) तथा सहायक प्रथम+ | खुला - प्रथम चरण | मंसीर/पुस | पुस अन्तिम बुधबार | फागुन | चैत | |
| | | खुला - द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | बढुवा | | | | | |
| १०. | राजपत्र अनंकित प्रथम श्रेणी (प्राविधिक) | खुला | पुस /माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | साउन/भदौ |
| | | बढुवा | | | | | |
| ११. | स्वास्थ्य सेवा, पाँचौं तह | खुला, आ.प्र. | पुस/माघ | माघ अन्तिम बुधबार | बैशाख | जेठ | साउन/भदौ |
| | | बढुवा | | | | | |
| १२. | राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक) तथा सहायक द्वितीय+ | आ.प्र. | माघ/फागुन | फागुन अन्तिम बुधबार | जेठ/असार | भदौ/असोज | असोज/कार्तिक |
| | | खुला - प्रथम चरण | | | वैशाख | असार | |
| | | खुला - द्वितीय चरण | | | जेठ/असार | भदौ/असोज | असोज/कार्तिक |
| | | बढुवा | | | | | |
| १३. | राजपत्र अनंकित द्वितीय श्रेणी (प्राविधिक) | खुला, आ.प्र. | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | बढुवा | | | | | |
| १४ | स्वास्थ्य सेवाका चौथो तह | खुला | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५ | अन्य | आवश्यकता अनुसार | | | | | |

* व्यवस्थापिका संसद सेवाका लागि मात्र

+ राष्ट्रिय मानव अधिकार सेवाका लागि मात्र

**द्रष्टव्य:**

१. नेपाल सरकारवाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत्सम्बन्धी कामकारवाही कार्यतालिका बमोजिम हुने छैन ।

# आ.व. २०८०/०८१ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका-२
## (सुरक्षा निकाय तथा संगठित संस्थाका विभिन्न पदहरु)

| क्रसं.. | निकाय/पद | पदपूर्ति किसिम | प्रतिशत निर्धारण/ सहमति प्रदान | विज्ञापन/ सूचना प्रकाशन | लिखित परीक्षा सञ्चालन | लि.प. नतिजा प्रकाशन |
|---|---|---|---|---|---|---|
| (क) | आ.व. २०७९/०८० का विज्ञापनहरुको बाँकी पदपूर्ति कार्यक्रम | | | | | |
| अ) | सुरक्षा निकाय | | | | | |
| १ | नेपाली सेना | | | | | |
| | प्राविधिक उपसेनानी (प्रथम पटक) | आ.प्र./खुला | - | - | साउन/भदौ | भदौ/असोज |
| | प्राविधिक पदिक तथा विल्लादार (प्रथम पटक) | आ.प्र./खुला | - | - | भदौ/असोज | असोज/कात्तिक |
| | प्राविधिक उपसेनानी (दोस्रो पटक) | आ.प्र./खुला | | | असोज/कात्तिक | मंसिर/पुस |
| | प्राविधिक पदिक तथा विल्लादार (दोस्रो पटक) | आ.प्र./खुला | | | असोज/कात्तिक | मंसिर/पुस |
| | सैन्य (दोस्रो पटक) | खुला | - | - | भदौ | भदौ/असोज |
| २ | सशस्त्र प्रहरी बल, नेपाल | | | | | |
| | सशस्त्र प्रहरी जवान | खुला/समावेशी | - | - | असोज/कात्तिक | कात्तिक/मंसिर |
| ३ | राष्ट्रिय अनुसन्धान विभाग | | | | | |
| | अनुसन्धान अधिकृत | खुला | - | - | भदौ/असोज | कात्तिक/मंसिर |
| | अनुसन्धान सहायक | खुला | - | - | भदौ/असोज | कात्तिक/मंसिर |
| आ) | संगठित संस्था | | | | | |
| १. | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, नेपाल वायु सेवा निगम ,नेपाल विद्युत प्राधिकरण ,प्रेस काउन्सिल नेपाल, राष्ट्रिय न्यायिक प्रतिष्ठान, राष्ट्रिय बीमा कम्पनी लिमिटेड, राष्ट्रिय बीमा संस्थान, विश्वविद्यालय अनुदान आयोग, वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल | आ.प्र/खुला | - | - | - | साउन/भदौ |
| २. | नागरिक लगानी कोष, निजामती कर्मचारी अस्पताल, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम), नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ,राष्ट्रिय समाचार समिति | आ.प्र./खुला | - | - | साउन/भदौ | असोज/कात्तिक |
| ३. | कर्मचारी सञ्चय कोष, नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल कृषि अनुसन्धान परिषद्, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | आ.प्र./खुला | - | - | भदौ/असोज | कातिक/मंसिर |
| ४. | कृषि विकास बैङ्क, तारागाउँ विकास समिति, नेपाल चार्टड एकाउण्टेण्टस् संस्था, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, नेपाल प्रज्ञा-प्रतिष्ठान सेवा आयोग, नेपाल बैङ्क लिमिटेड | आ.प्र./खुला | - | - | असोज/कात्तिक | मंसिर/पुस |
| ५. | काठमाडौं उपत्यका खानेपानी लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) | आ.प्र., खुला | - | - | कात्तिक/मंसिर | मंसिर/पुस |
| (ख) | आ.व. २०८०/०८१ को पदपूर्ति कार्यक्रम | | | | | |
| अ) | सुरक्षा निकाय | | | | | |
| १. | नेपाली सेना | | | | | |
| | अधिकृत क्याडेट | खुला | साउन/भदौ | साउन/भदौ | कात्तिक/मंसिर | पुस/माघ |
| | पदिक तथा विल्लादार अधिकृत क्याडेट | आ.प्र. | साउन/भदौ | कात्तिक | मंसिर/पुस | माघ/फागुन |
| | प्राड विविध सेवाका अधिकृत/हवाई/प्राविधिक/ | खुला/ आ.प्र. | कात्तिक | मंसिर | माघ/फागुन | चैत्र/वैशाख |
| | प्राड विविध सेवाका पदिक तथा विल्लादार/हवाई/प्राविधिक/(प्रथम पटक) | खुला/ आ.प्र. | असोज | कात्तिक/मंसिर | माघ/फागुन | फागुन |
| | सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स (प्रथम पटक) | खुला | असोज | असोज/कात्तिक | मंसिर/पुस | माघ/फागुन |
| | सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स (दोस्रो पटक) | खुला | फागुन | फागुन/चैत्र | जेठ/असार | जेठ/असार |
| | प्राड विविध सेवाका पदिक तथा विल्लादार/हवाई/प्राविधिक/(दोस्रो पटक) | खुला/ आ.प्र. | फागुन | फागुन/चैत्र | जेठ/असार | जेठ/असार |
| २. | नेपाल प्रहरी | | | | | |
| | प्रहरी निरीक्षक (प्रथम पटक) | खुला | साउन | साउन/भदौ | कात्तिक/मंसिर | पुस/माघ |
| | प्रहरी सहायक निरीक्षक (प्रथम पटक) | खुला | साउन | साउन/भदौ | कात्तिक/मंसिर | पुस/माघ |
| | प्राविधिक प्रहरी अधिकृत (प्रथम पटक) | खुला | साउन | साउन/भदौ | कात्तिक/मंसिर | पुस/माघ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रहरी जवान (जनपद) | खुला | असोज | कात्तिक/मंसिर | पुस/माघ | फागुन/चैत्र |
| | प्रहरी जवान (प्राविधिक) | खुला | माघ | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | प्रहरी कार्यालय सहयोगी | खुला | माघ | माघ/फागुन | - | - |
| | प्रहरी निरीक्षक (दोस्रो पटक) | खुला | फागुन | फागुन/चैत्र | वैशाख/जेठ | जेठ/असार |
| | प्रहरी सहायक निरीक्षक (दोस्रो पटक) | खुला | फागुन | फागुन/चैत्र | वैशाख/जेठ | जेठ/असार |
| | प्राविधिक प्रहरी अधिकृत (दोस्रो पटक) | खुला | फागुन | फागुन/चैत्र | वैशाख/जेठ | जेठ/असार |
| **३.** | **सशस्त्र प्रहरी बल, नेपाल** | | | | | |
| | सशस्त्र प्रहरी परिचर (साधारण) | खुला | भदौ | असोज/कात्तिक | - | - |
| | सशस्त्र प्रहरी निरीक्षक/ सशस्त्र प्रहरी नायब निरीक्षक/सशस्त्र प्रहरी सहायक निरीक्षक/सशस्त्र प्रहरी हबल्दार (प्राविधिक) (प्रथम पटक) | खुला | भदौ | असोज/कात्तिक | मंसिर/पुस | पुस/माघ |
| | सशस्त्र प्रहरी निरीक्षक/सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण समूह) | खुला | कात्तिक | मंसिर/पुस | फागुन/चैत्र | वैशाख/जेठ |
| | सशस्त्र प्रहरी निरीक्षक (साधारण समूह, कानून उपसमूह/लेखा उपसमूह) | खुला | मंसिर | पुस/माघ | फागुन/चैत्र | वैशाख/जेठ |
| | सशस्त्र प्रहरी निरीक्षक/सशस्त्र प्रहरी नायब निरीक्षक/सशस्त्र प्रहरी सहायक निरीक्षक/सत्रस्त्र प्रहरी हबल्दार (प्राविधिक) (दोस्रो पटक) | खुला | पुस | पुस/माघ | चैत्र/वैशाख | वैशाख/जेठ |
| | सशस्त्र प्रहरी जवान (साधारण) | खुला | माघ | माघ/फागुन | चैत्र/वैशाख | जेठ/असार |
| | सशस्त्र प्रहरी नायब उपरीक्षक (प्राविधिक) | खुला | माघ | फागुन/चैत्र | वैशाख/जेठ | जेठ/असार |
| **४.** | **राष्ट्रिय अनुसन्धान विभाग** | | | | | |
| | अनुसन्धान अधिकृत | खुला | पुस | पुस/माघ | चैत्र/वैशाख | वैशाख/जेठ |
| | अनुसन्धान सहायक | खुला | पुस | पुस/माघ | चैत्र/वैशाख | वैशाख/जेठ |
| | सहायक सूचक | खुला | भदौ | असोज | मंसिर/पुस | पुस/माघ |
| **आ)** | **संगठित संस्था** | | | | | |
| १. | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेपाल आयल निगम, नेपाल धितोपत्र बोर्ड, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, सांस्कृतिक संस्थान, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र | खुला | साउन | साउन/भदौ | असोज/कात्तिक | मंसिर/पुस |
| २. | काठमाडौं उपत्यका खानेपानी लिमिटेड, काठमाडौं उपत्यका विकास प्राधिकरण, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, नेपाल पुनर्बीमा कम्पनी लिमिटेड, नेपाल विद्युत प्राधिकरण, सामाजिक सुरक्षा कोष, हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेण्ट कम्पनी लिमिटेड | खुला | भदौ | भदौ/असोज | कात्तिक/मंसिर | पुस/माघ |
| ३. | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, गुठी संस्थान, नगर विकास कोष, नेपाल इन्टरमोडल यातायात विकास समिति, नेपाल बीमा प्राधिकरण, नेपाल वायुसेवा निगम, भानु जन्मस्थल विकास समिति, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, सिंहदरबार वैद्यखाना विकास समिति, सिडिएस. एण्ड क्लियरिङ्ग लि. | खुला | असोज | असोज/कात्तिक | मंसिर/पुस | माघ/फागुन |
| ४. | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, नेपाल औषधि लिमिटेड, नेपाल खानेपानी संस्थान, नेपाल पर्यटन बोर्ड, नेपाल राष्ट्र बैंक, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय अनुदान आयोग, साझा यातायात, साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड | खुला | कात्तिक | कात्तिक/मंसिर | पुस/माघ | फागुन/चैत्र |
| ५. | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, उदयपुर सिमेण्ट उद्योग लिमिटेड, कालिमाटी तरकारी तथा फलफूल विकास समिति, जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, नागरिक स्टक डिलर, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल रेल्वे कम्पनी लिमिटेड, परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल विकास समिति, पशुपति क्षेत्र विकास कोष, भेरी अस्पताल विकास समिति, राष्ट्रिय आवास कम्पनी लिमिटेड, राष्ट्रिय ट्रमा सेन्टर, राष्ट्रिय न्यायिक प्रतिष्ठान, बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, हेटौंडा सिमेण्ट उद्योग लिमिटेड | खुला | मंसिर | मंसिर/पुस | फागुन/चैत | चैत/वैशाख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | कपास विकास समिति, कानून किताव व्यवस्था समिति, कृषि विकास बैंक लिमिटेड, केन्द्रीय कानून पुस्तकालय विकास समिति, गोरखापत्र संस्थान, दुग्ध विकास संस्थान, नागरिक लगानी कोष, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल मेडिकल काउन्सिल, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, बौद्धदर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान, राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड, राष्ट्रिय बीमा संस्थान, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, लुम्बिनी विकास कोष, विद्युत नियमन आयोग, हेटौंडा अस्पताल विकास समिति, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड | खुला | पुस | पुस/माघ | फागुन/चैत | वैशाख/जेठ |
| ७. | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, तारागाउँ विकास समिति, नेपाल चार्टड एकाउण्टेण्टस् संस्था, नेपाल टेलिभिजन, नेपाल दूरसञ्चार कम्पनी लि. (नेपाल टेलिकम), नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल प्रज्ञा-प्रतिष्ठान सेवा आयोग, नेपाल बैंक लिमिटेड, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल वन निगम, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान सेवा आयोग, राष्ट्रिय परीक्षा बोर्ड, राष्ट्रिय समाचार समिति, समाज कल्याण परिषद् | खुला | माघ | माघ/ फागुन | चैत/वैशाख | जेठ/असार |
| ८. | कर्मचारी सञ्चय कोष, कृषि सामग्री कम्पनी लिमिटेड, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल, नेपाल कृषि अनुसन्धान परिषद्, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेड, पाथिभरा क्षेत्र विकास समिति, प्रेस काउन्सिल नेपाल, राष्ट्रिय खेलकूद परिषद्, राष्ट्रिय बीमा कम्पनी लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, राष्ट्रिय सहकारी विकास वोर्ड, रेडियो प्रसार सेवा विकास समिति | खुला | फागुन | फागुन/चैत | वैशाख/जेठ | जेठ/असार |
| ९. | थप संगठित संस्थाहरु। | | सुरक्षा निकाय तथा संगठित संस्थाबाट रितपूर्वक माग भै आएको अवस्थामा आयोगको निर्णय बमोजिम हुनेछ। | | | |

**नोट :**

१. अदालतमा मुद्दा विचाराधीन रही रोकिएका निकायको हकमा आदेश प्राप्त भएमा प्राथमिकता दिई सञ्चालन गरिने।

२. अदालतको आदेश/फैसला तथा फैसला कार्यान्वयनको क्रममा उल्लिखित कार्यतालिकामा फेरबदल हुन सक्नेछ।

३. पदपूर्ति सम्बन्धी विज्ञापन सम्बन्धीत संस्थाबाट हुनेछ।